
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

**डेङ्गुबाट बचौं**
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरू आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
- यस्ता लक्षणहरू देखापरेमा डेङ्गु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❖ वर्ष ३६ ❖ २०७९ कात्तिक ०४ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 October 21 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५९

## निर्वाचन आचारसंहिताको उल्लङ्घन, कारबाई प्रक्रिया सुस्त

प्रस, वीरगंज, ३ कात्तिक/

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पर्सा जिल्लामा उम्मेदवार र दलहरूले आचारसंहिताको उल्लङ्घन गरिरहेका पाइएको छ ।


मधेस प्रदेशका मुख्यमन्त्री सहभागी जसपा–एमाले गठबन्धनको जगरनाथपुर गाउँपालिकामा भएको कार्यकर्ता भेला ।

निर्वाचन आयोगले उम्मेदवारी दर्ताको समयमा २५ जनाभन्दा बढी मानिसको समूह लिएर उम्मेदवारी दर्तास्थलमा नजानको लागि आग्रह गरे पनि सो समयमा पनि आचारसंहिता उल्लङ्घन गरिएको थियो । सबैजसो दल र स्वतन्त्र उम्मेदवारहरूले बाजागाजासहित ठूलो सङ्ख्यामा भीडसहित उम्मेदवारी दर्ताका लागि गए पनि आयोगको जिल्लास्थित कार्यालयले एकजनासँग पनि स्पष्टीकरण सोधेन ।

त्यतिखेर आचारसंहिता उल्लङ्घनका घटनाहरू स्वयम् दल र उम्मेदवारहरूले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका थिए भने सञ्चारमाध्यममा पनि समाचार आएका थिए । अहिले चुनाव प्रचारको क्रममा आयोगले कात्तिक १८ देखि मङ्सिर २ गतेसम्म घरदैलोबाहेकका प्रचारप्रसारमा रोक लगाएको छ ।

जनसभा, कोणसभा, भेला आदिमा रोक लगाइए पनि अहिले पर्सा जिल्लामा दलहरूले कार्यकर्ता भेला, अगुवा कार्यकर्ता भेला, पार्टी प्रवेश कार्यक्रमलगायतका बहानामा चुनाव प्रचार गर्दै आएका छन् ।


पर्सा क्षेत्र नं ४ मा नेपाली काङ्ग्रेसले आयोजना गरेको टोल भेला र जसपा–एमाले गठबन्धनको रोड शोमा सहभागीहरू ।

सत्तारूढ गठबन्धनमा रहेका नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा, र लोकतान्त्रिक समाजवादी पार्टी तथा जसपा–एमाले गठबन्धन र विभिन्न राजनीतिक दलहरू तथा स्वतन्त्र उम्मेदवारहरूले अहिले पनि २५ जनाभन्दा बढीको सङ्ख्यामा मानिसहरू भेला गरी चुनावी कार्यक्रम गर्दै आएका छन् ।


सत्तारूढ गठबन्धनले आदर्शनगरमा आयोजना गरेको घरदैलो कार्यक्रम ।

पर्सा क्षेत्र नं १ (ख)बाट प्रदेशसभा सदस्यका उम्मेदवार मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले एमालेसँगको सहकार्यमा जगरनाथपुर गाउँपालिकामा आयोजना गरेको कार्यकर्ता भेलामा ठूलो सङ्ख्यामा मानिसहरूको उपस्थिति थियो ।

यसैगरी, भर्खरै मन्त्री पदबाट बर्खास्त गरिएका जसपाबाट पर्सा क्षेत्र नं १ का उम्मेदवार प्रदीप यादवले दुई दिने रोड शो भीडभाडसहित सम्पन्न गरे । पर्साका चारवटै क्षेत्रमा अहिले घरदैलो कार्यक्रम भइरहेका छन् र त्यसमा आयोगले तोकेभन्दा बढी सङ्ख्यामा मानिसहरूको उपस्थिति रहने गरेको छ । तर आयोगले कसैसँग पनि आचारसंहिता उल्लङ्घन गरेको भनी सोधनी गरेको छैन ।

अहिले घरदैलो कार्यक्रममा डिजे, फ्लेक्स ब्यानर, पर्चा, पम्पलेटको प्रयोग पनि उत्तिकै छ । आयोगले डिजेमा रोक लगाएको छ भने तोकिएको मापदण्डमा फ्लेक्स ब्यानर, पर्चा–पम्पलेटको प्रयोग गर्नुपर्ने जनाएको छ । तर तोके अनुसारको मापदण्डमा प्रयोग भएको छैन र अनुगमन पनि गरिएको छैन ।

पहिलेका चुनावभन्दा अहिले आचारसंहिता कम उल्लङ्घन भएपनि जारी आचारसंहिता भने कुनै पनि दल वा स्वतन्त्र उम्मेदवारले इमानदारीपूर्वक पालना गरेका छैनन् । आयोगले पनि समानरूपमा दल र स्वतन्त्र उम्मदेवारलाई कारबाईको दायरामा ल्याउन सकेको छैन ।

घरदैलो कार्यक्रममा ससाना बालबालिकाहरूको उपस्थिति पनि गराइएको छ । निर्वाचन प्रचारमा बालबालिकाहरूको प्रयोग गर्न आचारसंहिताले निषेध गरेको छ तर यसको पालना पनि भएको छैन ।

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा बहालवाला जनप्रतिनिधि, शिक्षक, कर्मचारीलाई चुनाव प्रचारमा निषेध गरेको छ तर पर्सा जिल्लामा निर्वाचित जनप्रतिनिधिहरूको उपस्थिति घरदैलोदेखि लिएर चुनावीसभामा प्रशस्त देखिएका प्रमाणहरू छन् ।

जिल्ला निर्वाचन कार्यालय, पर्साकी प्रमुख रञ्जीता झाले आचारसंहिता उल्लङ्घनबारेमा उजूरी नपरेको बताइन् । उनले उजूरी परेको खण्डमा सो सम्बन्धमा छानबीन गर्ने र कारबाईको दायरामा ल्याउने बताइन् ।

## दीपावली, छठमा माटोको सामग्रीको प्रयोग घट्दो

नितेश कर्ण, वीरगंज, ३ कात्तिक/

दीपावली र छठ पर्वलाई लक्षित गरेर अहिले माटोका भाँडा र विद्युतीय झिलिमिली बत्तीको बिक्री बढेको छ । परम्परागतरूपमा दीपावली मनाउने प्रचलन कम हुँदै गएको र माटोबाट बनाइएका सामग्रीको प्रयोग पनि घट्दो छ ।


विपी उद्यानको फूटपाथमा ग्राहक कुर्दै माटोका सामग्री विक्रेता । तस्वीरः प्रतीक

चीनमा उत्पादित विद्युतीय झिलिमिली बत्तीको प्रयोग बढेको छ । वीरगंजको सन्दर्भमा माईस्थान, गीतामन्दिर सडकखण्ड र घण्टाघर–लिङ्करोडमा रहेका बिजुलीपसलहरूमा विद्युतीय सामग्रीहरू बिक्रीका लागि सजाएर राखिएका छन् । विद्युतीय सामग्रीहरूको किनमेल केही दिनदेखि भइरहेको छ भने माटोका सामग्री हिजोदेखि घण्टाघरको विपी उद्यानको फूटपाथमा राखिएको छ ।




विन्ध्यवासिनी गाउँपालिकाको गदौंल निवासी श्याम प्रजापतिले माटोको सामग्रीको बिक्री कम भएको बताए । उनले पुस्तैनी व्यापारलाई पितापछि सात वर्षदेखि आफूले धान्दै आएको तर पछिल्लो समयमा यसको व्यापार कम भइरहेको बताए । गत वर्ष उनले दीपावली र छठमा रु पचास हजारभन्दा बढीको माटोका सामग्री बिक्री गरेको तर यसपालि बिक्री निकै कम भएको बताए ।

बिहान र साँझ छिटपुटरूपमा बिक्रीबाहेक अहिले माटोका सामग्रीको बिक्री बढ्न सकेको छैन । दीपावली र छठमा यसको बिक्री बढे पनि आशाप्रदरूपमा व्यापार हुने कुरामा शङ्का व्यक्त गर्छन् । दीपावली मुखमा छ, तर माटोका सामग्री किन्ने ग्राहकहरूको सङ्ख्या निकै कम भएको उनले बताए । यसको कारण विद्युतीय सामग्रीप्रति मानिसहरूको आकर्षण बढेको उनको ठम्याइ छ ।

सखुवाप्रसौनी गापाको रामनगरी निवासी हरिकृष्ण प्रजापतिले पनि माटोका सामग्रीको बिक्री घटिरहेको भनेर चिन्ता व्यक्त गरे । उनले यसपटक वीरगंज, पोखरिया र जीतपुर गरी तीन ठाउँमा माटोका सामग्री बिक्री गर्न पसल थापेको तर तीनवटै ठाउँमा आशाप्रदरूपमा बिक्री नभएको बताए । माटोका सामग्री बनाउन खर्चिएको रकम पनि नउठ्ने हो कि भन्ने चिन्ताले सताएको उनले बताए । अहिले माटोको दियो सयकडा रु १५०, ठूलो दियो प्रतिगोटा रु २०, कलश प्रतिगोटा रु ७५, छठमा प्रयोग हुने हात्ती प्रतिगोटा रु १५० मूल्य रहेको उनले बताए ।

## त्रिवेणी स्पिनिङमा मजदूर र प्रहरीबीच झडप, दर्जन घाइते

राधेश्याम पटेल, परवानीपुर, ३ कात्तिक/

बाराको नितनपुरस्थित त्रिवेणी ग्रुपको त्रिवेणी स्पिनिङ मिलमा प्रहरी र मजदूरबीच झडप भएको छ र दुवैतर्फबाट दर्जनभन्दा बढी घाइते भएका छन् ।

त्रिवेणी स्पिनिङमा कार्यरत मजदूरहरूले चाडपर्वमा वार्षिकरूपमा पाइने बोनस यस वर्ष नदिएको भनेर विरोध गर्दै आएका थिए । मिलमा कार्यरत करीब एक हजार ४०० मजदूरले वार्षिकरूपमा पाउने रु छ करोड बोनस मिल सञ्चालकले यसपटक दिन आनाकानी गरेको भन्दै मजदूरहरूले बुधवार दिउँसोदेखि मिलका सिइओ अशोक शर्मा, महाप्रबन्धक मनोजकुमार झालगायत १३ जनालाई मिलमैं बन्धक बनाएका थिए ।

सिइओ, महाप्रबन्धक र प्रशासनिक कर्मचारीहरू तथा मजदूरबीच हिजो दिउँसो वार्ता भएकोमा सहमति हुन नसकेपछि मजदूरहरूले उनीहरूलाई कारखानाबाहिर जान निषेध गरेका थिए । बिहीवार पर्सा, बाराका जनपद र सशस्त्र प्रहरीको टोली मिलमा प्रवेश गरी १३ जनालाई उद्धार गरेको थियो । सोही क्रममा मजदूर र प्रहरीबीच झडप भएको र झडपमा सातजना मजदूर र सातजना प्रहरी घाइते भएका हुन् ।


मजदूर र कारखाना पक्षबीच छलफल हुँदै । तस्वीरः प्रतीक

दुवैतर्फ घाइते हुनेहरूको अवस्था सामान्य छ । प्रहरीले सिइओ, महाप्रबन्धकसहित १३ जनालाई उद्धार गर्दा लाठीचार्ज र ३४ सेल अश्रुग्याँससहित एक राउन्ड हवाई फायर गरिएको इलाका प्रहरी कार्यालय, सिमरा, बाराका प्रहरी नायब उपरीक्षक युवराज तिमल्सिनाले बताए ।

माओवादीका मजदूर नेता मीनप्रसाद आपागाईंले उद्योग सञ्चालकले प्रहरी बलमा दमन गरेको भन्दै घटनाको निन्दा गरे । उनले मजदूरहरूले पाउनुपर्ने सेवा सुविधा उपलब्ध गराउनुपर्ने माग राखेका छन् ।

## नेपाली उपभोक्ताको आकर्षण भारतीय बजार

प्रस, सेढवा, ३ कात्तिक/

दीपावली र छठ पर्वलाई लक्षित गरेर सीमावर्ती भारतीय बजारमा किनमेलका लागि नेपालीहरूको भीड बढेको छ ।

नेपाली उपभोक्ताहरू सीमापारि भारतीय बजार भङ्गाहा, इनर्वा, मैनाटाड, सिकटालगायत क्षेत्रमा किनमेल गर्न जाने गरेका छन् ।

नेपालभन्दा भारतमा लत्ताकपडा, भाँडाबर्तन, खाद्यान्नलगायतका सामग्रीहरू सस्तोमा पाइने भएकाले भारतीय बजारमा नेपाली उपभोक्ताहरूको भीड बढेको हो ।

यसका साथै नेपाली बजारमा रासायनिक मल र आलुलगायतका तरकारीको बीउ नपाएपछि किसानहरू अहिले भारतीय बजारमा निर्भर भएको एकजना किसानले बताए ।




भारतीय बजारबाट किसानहरूले दैनिक दशौं क्विन्टल आलुको बीउ ल्याइरहेका छन् । आलुको बीउको माग बढेका कारण भारतीय व्यापारीहरूले मूल्यवृद्धि गरेको किसानहरूले गुनासो गरेका छन् ।

## विचारसार र सूक्तिहरू

**सङ्घर्षको अँध्यारोमा आफ्नो हिम्मत चुँडिन नदेऊ, समयको ग्रहण त चन्द्रमा र सूर्यले पनि झेल्दछन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: eprateekdaily.com


# जस्तो जनता उस्तै नेता

**प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन नजीकिँदै गर्दा चुनावी माहोल तातेको छ। उम्मेदवारहरू मतदाताको घरदैलोमा व्यस्त छन्। चिया चौतारो, पानी पँधेरो, मेलापातमैं उम्मेदवार भेटिन्छन् । नचिने पनि नाता गाँस्दै, हात जोडेर अगाडि लम्पसार पर्न तयार छन्। मतदाताको घरदैलो चुला–चौका, चौतारीमा पुगेर उनीहरूले भलाकुसारी चलाएका छन् । निकट देखिन जनताको झुपडीमा पसेर भुटेको मकै खाएका, गाउँका युवाहरूसँग चोकमा क्यारेम बोर्ड, भलिबललगायतका खेलहरू खेलिरहेका, गाउँ–समाज, परिवारका हालखबर सोधिरहेका फोटो तथा भिडियो फुटेजहरू सामाजिक सञ्जालहरूमा देखिन थालेका छन् । यसपटक चुनाव प्रचारप्रसारमा निर्वाचन आयोगले केही कडाइ गरेको छ । आयोगले ¥याली तथा सभाका लागि विभिन्न मापदण्ड तोकेको छ भने चुनावी कार्यक्रमका लागि समय र मितिसमेत निर्धारण गरिदिएको छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९ का लागि कात्तिक १८ देखि मङ्सिर २ गतेसम्म मात्रै चुनावी कार्यक्रम गर्न पाइनेछ। उम्मेदवारहरूमा छटपटी छ, तोकिएको अवधिसम्म शान्त बस्न नसकेर उनीहरू विभिन्न बहाना बनाउँदै मतदाताको बीचमा आइरहेका छन् । चुनावी कार्यक्रमका लागि आयोगले निर्धारण गरेको समयभन्दा अगाडिको अवधिलाई खेर जान नदिने गरी उनीहरू भेटघाटमा जुटेका छन् । खुट्टा दुखोस्, हात गलोस्, शरीर विसन्चो नै किन नहोस् कुनै पर्वाहा छैन। केही भ्रष्ट उम्मेदवारहरू त पैसाको खोला बगाउन पनि तयार देखिएका छन् ।**

**यतिबेला नेता तथा उम्मेदवारहरूको दिनचर्या देख्दा लाग्छ, उनीहरू जनताका असली साथी हुन्। नागरिकको हरेक सुख–दुःखमा उनीहरू चासो राख्छन् र साथ दिन्छन् । चुनाव जितेपछि आफ्नो क्षेत्रबारे बेखबर नेताहरूले अहिले चुनावको बेला गरेको मेहनत तथा सकस साँच्चि नै विगतलाई बिर्साउने खालको हुन्छ। वास्तविकतामा यो सबै नाटक हो। जनप्रतिनिधि हुन् वा जनप्रतिनिधि नबनिसकेका नेताहरू, उनीहरूले आफ्नो क्षेत्रका लागि वर्षमा ३० दिन मात्रै समय दिने हो भने यो नाटक गर्नै पर्दैन। वर्षमा एक महीना नागरिक भेटघाट तथा घरदैलो कार्यक्रममा दिने हो र समयको महत्त्वलाई बुझेर नागरिकको हितमा लागिपरे मतदातासँग प्रत्यक्ष र जीवन्त सम्बन्ध रहन्छ। यसले क्षेत्रका समस्याहरूबारे जानकारी हुने भएकाले सडक होस् वा सदनमा मुद्दा उठान गर्न सहज हुन्छ। मुद्दा उठान भए समाधानको बाटो निस्कन सक्छ ।**

**हाम्रो समाजमा नेता र मतदाता एकै किसिमका छन् । जस्तो मतदाता उस्तै नेता, ज्याङको ठ्याङ मिलेको छ । नेताले जति धोका दिए पनि मतदाता चेत्दैनन् । फेरि माघ फर्किएर आउँछ भन्ने हेक्का राख्दैनन्। यहाँ अधिकांश जनता, जनार्दन नभएर हनुमान छन्। मतदाता निष्पक्ष रहेर कामको मूल्याङ्कन गरी निर्वाचनको समयमा निर्णय दिनुपर्ने हो । सहीलाई पुरस्कृत र गलतलाई दण्डित गर्न सक्ने मात्रै जनार्दन ठहर्छ । निष्पक्ष मतदाताले मात्रै यो भूमिका निर्वाह गर्न सक्छन्। हाम्रो समाजमा निष्पक्ष मतदाताभन्दा पार्टीका सदस्य धेरै छन्। नेतृत्वलाई सही बाटोमा हिंडाउन नसक्ने र झोला मात्रै बोक्ने खालका कार्यकर्ता अधिक छन्। आफ्ना पक्षधर नेताले जे गरे पनि सही देख्ने प्रवृत्तिकालाई हनुमान भनिन्छ। न्यायाधीश प्रभावित नहुने हो भने अन्यायीहरू निरुत्साहित हुनेछन्। जसरी पनि मतदातालाई प्रभावित गर्न सकिन्छ भन्ने नेताहरूको बुझाइका कारण उनीहरूले चुनावको बेला मात्रै मतदाता सम्झिने गरेका छन् ।**

# चुनावमा गरिएका आर्थिक वाचा पूरा होलान् ?

अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com

**उम्मेदवारहरूले गर्ने आर्थिक बाचाको कुनै अर्थ छैन । ती बाचाहरू केवल चुनावी नारा मात्र बन्न सक्छन् । नेताहरूले गरेका आर्थिक बाचा पूरा गर्ने स्थितिमा अहिले राष्ट्रिय ढुकुटी छँदैछैन । ठूला–ठूला आयोजनाहरू पूरा गर्न राज्यसँग ठूलो पूँजी नै छैन ।**

अब चुनाव हुन केवल एक महीना बाँकी छ। यो एक महीना मतदाताहरूको लागि जति महत्त्वपूर्ण छ उत्तिकै महत्वपूर्ण उम्मेदवारहरूको लागि पनि छ । उम्मेदवारहरूको लागि त झनै बढी महत्त्वपूर्ण छ किनभने यो चुनावले उनीहरूका राजनीतिक भविष्य निर्धारण गर्नेछ। राजनीतिलाई आफ्नो पेशा मानेर राजनीति गर्ने र कुर्सी तथा शक्ति आफ्नो हातबाट फुत्किन नदिने प्रवृत्तिका नेताहरूका लागि यो चुनाव जीवन–मृत्युको प्रश्न हुन पुगेको छ । चुनावमा पराजित भएमा आफ्नो सर्वस्व हरण हुने मनोविज्ञान राख्ने नेताहरू जे जस्तो गरेर भए पनि विजयी हुन अनेक किसिमका रणनीति निर्माण गरिरहेका छन्। र त्यो रणनीति लागू गर्न अनेकौं कार्य गरिरहेका छन्।

चुनावमा विजयी हुन प्रयोग हुने रणनीति अन्तर्गत नेताहरूले गर्ने कार्यहरूमध्ये सर्वाधिक चर्चामा रहेको आर्थिक बाचा हो। अहिले उम्मेदवारहरूले जनतालाई आफ्नो पक्षमा ल्याउन अनेक किसिमका आर्थिक बाचा गरिरहेका छन्। मतदातालाई लोभ्याउन कुनै उम्मेदवारले म मेरो क्षेत्रमा सडक बनाउने छु भन्दैछ भने कुनैले पुलहरू बनाउने छु भन्दैछ। यसैगरी कसैले म मेरो क्षेत्रमा मात्र होइन राष्ट्रभरि शिक्षा र स्वास्थ्य निश्शुल्क गर्नेछु भन्दैछ। यसरी उम्मेदवारहरूले अनेक किसिमका आर्थिक बाचा जनता वा मतदाता समक्ष गरिरहेका छन् । र उनीहरूको ती वाचालाई मतदाताहरूले पत्याएजस्तो पनि छ। मेरो वा हाम्रो उम्मेदवारले चुनाव जितेमा हाम्रो क्षेत्रमा विभिन्न किसिमका विकास एवं निर्माणको कार्य गर्नेमा मतदाताहरू ढुक्क देखिएका छन्।

तर प्रश्न उठ्छ चुनावमा विजयी हुन नेताहरूले जनतासमक्ष गरेका आर्थिक बाचा के उनीहरूले पूरा गर्लान् ?

अब विजयी उम्मेदवार वा नेताहरूले चुनावमा गरेका आर्थिक बाचा पूरा गर्ने आधारहरूबारे चर्चा गरौं।

उम्मेदवारहरूले यसरी आर्थिक बाचा गरिरहेका छन् मानौ सिंहदरबारमा एउटा ठूलो कोठा छ। त्यस कोठामा, कोठाभरि पैसा राखिएको छ । चुनावमा विजयी भएर नेताहरू सिंहदरबार भित्र पस्नेछन् । र त्यस कोठाबाट पैसा झिकेर अनेक किसिमका विकास एवं निर्माणका काम गर्नेछन् र चुनावमा गरेको आर्थिक बाचा पूरा गर्नेछन् । विकास एवं निर्माणका कामहरू सहजै गर्नेछन् । पैसाको कुनै पनि किसिमको अभाव हुनेछैन। जताततै, भने जति पैसा नै पैसा छ। केवल पैसा भएको स्थानमा पुग्न बाँकी छ।

विकास एवं निर्माणका लागि राज्यबाट पैसा अति सजिलै गरी उपलब्ध हुन सक्छ भन्ने भ्रम नेताहरूमा रहेको छ । यदि कसैलाई यो भ्रम छैन भने उसलाई राजकीय कोष कसरी निर्माण हुन्छ भन्ने पटक्कै थाहा छैन। र जसलाई राजकीय कोष कसरी निर्माण हुन्छ भन्ने राम्ररी थाहा छ, उसले पूर्णतया झूट बोलिरहेको छ। त्यो नेताले जनतासमक्ष झूटो बाचा गरिरहेको छ।

राजकीय कोष जनताले राज्यलाई भुक्तान गरेको करबाट निर्माण हुन्छ। र त्यही कोषबाट राज्यले राजकीय कर्मचारीहरूलाई तलब एव भत्ता भुक्तान गर्छ। त्यही कोषबाट विभिन्न किसिमका विकास एवं निर्माण कार्य हुन्छ। राज्यको लागि कर नै एक मात्र भरपर्दो र ठूलो आयस्रोत हो।

नेपालको बहुसङ्ख्यक जनता गरीब भएको हुनाले वा उसको आय कम भएको हुनाले राज्यले प्राप्त गर्ने करको आकार पनि सानो हुन्छ किनभने भुक्तान गरिएको करको आकार सानो हुन्छ । यो सानो आकारको वा थोरै रकम भएको कोषबाट राज्यका कर्मचारीहरूलाई तलब, भत्ता भुक्तान गरेर, अन्य साधारण खर्च गरेर ज्यादै कम रकम राजकीय कोषमा बाँकी रहन्छ।

नेपाल वा विकासशील मुलुकमा राष्ट्रिय कोषको ठूलो अंश केवल साधारण खर्चमा भुक्तान हुने भएकोले विकास एवं निर्माणमा खर्च गर्नका लागि वा भनौं राष्ट्रिय राजमार्ग, पुल, ठूला–ठूला विद्युत् गृह वा ठूला–ठूला आयोजना सम्पन्न गर्न राज्यसँग पर्याप्त पैसा हुँदैन । यो कारणले गर्दा नेपालले ठूला–ठूला आयोजना सम्पन्न गर्न अन्तर्राष्ट्रिय दातृ संस्था– विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष आदिसँग ऋण लिनुपर्छ । अन्य राष्ट्रहरू समक्ष आर्थिक सहयोगको याचना गर्नुपर्छ। भारत, चीन आदिलाई गुहार्नुपर्छ । सडक, कलकारखाना नेपालमा अन्य राष्ट्रले बनाइदिएको प्रमाण हामीसँग छ । भवनसम्म पनि हामीले राजकीय कोषबाट निर्माण गर्न नसकेर अन्य राष्ट्रले बनाइदिएको इतिहास छ।

नेपालको राजकीय कोष आफैंमा सबल नभएको स्थितिमा उम्मेदवारहरूले विजयी भएमा सडक निर्माण गर्छु, पुल निर्माण गर्छु, कलेज, अस्पताल निर्माण गर्छु, शिक्षा, स्वास्थ्य निश्शुल्ल गर्छु, यो गर्छु, त्यो गर्छु भन्नु हास्यास्पद हो । होइन त ? हास्यास्पद मात्र होइन जनताको समक्ष बोलिएको झूट पनि हो । झूठ बोलेर जनताको मत आफ्नो बक्सामा खसाउन लगाउने प्रपञ्च हो।

उम्मेदवार वाचा गर्नु उपयुक्त हुन्छ त ?

नेताहरूले स्थानीय स्रोत एवं साधनको उपयुक्त प्रयोग गरेर, भ्रष्टाचार नियन्त्रण गरेर, कुशल प्रबन्धको सहयोगमा स्थानीय तहमा बलियो कोष निर्माण गर्ने बाचा गर्नु उपयुक्त हुन्छ। त्यो कोष स्थानीय विकासमा कुशलतापूवक प्रयोग गर्ने बाचा गर्नु उपयुक्त हुन्छ । आफू आर्थिक क्रियाकलापमा एकदम पारदर्शी हुने र कुनै पनि किसिमले कोष हिनामिना हुन नदिने बाचा गर्नु उपयुक्त हुन्छ । नेताहरूले आर्थिक भ्रष्टाचार नगरिदिए मात्र पनि आर्थिक विकासको राम्रो वातावरण तयार हुन्छ । स्थानीय तहमा रोजगारका अवसरहरू सृजना हुन्छ।

कुनै पनि क्षेत्रको आर्थिक विकासको लागि पहिलो जिम्मेवार पक्ष भनेको त्यहाँको जनता र त्यो जनतालाई नेतृत्व गर्ने नेता हो । यो तथ्यलाई जबसम्म स्थानीय तहमा स्वीकार गरिंदैन, प्रयोगमा ल्याइँदैन तबसम्म आर्थिक विकास सम्भव छैन। केन्द्रले आर्थिक विकास गर्ने होइन। सरकारले पनि आर्थिक विकास गर्ने होइन। स्थानीय, प्रादेशिक तथा सङ्घीय सरकारले केवल सहजकर्ताको भूमिका निर्वाह गर्ने हो। नियम, कानूनको निर्माण मात्र गर्ने हो। आर्थिक विकासका लागि सक्रिय भूमिका खेल्ने होइन। कुनै पनि क्षेत्रको आर्थिक विकास त्यहाँका स्थानीय व्यक्तिले गर्ने हो।

हरेक कुराको लागि जिम्मेवार सरकार हो, हामी होइनौं भन्ने मनोभाव जनतामा रहेसम्म आर्थिक विकासका कुराहरू कथा मात्र बन्न सक्छस साकार हुन सक्तैन। हो, यस्ता कुरा उम्मेदवारले जनता समक्ष पुऱ्याउन आवश्यक छ, झूटो चुनावी आर्थिक बाचा गर्नुभन्दा। नेताहरूले जनतालाई नै आर्थिक विकासका लागि अग्रसर गराउनुपर्छ। आर्थिक विकासका नयाँनयाँ सोचहरू ल्याउनुपर्छ।

वर्तमान सन्दर्भमा उम्मेदवारहरूले गर्ने आर्थिक बाचाको कुनै अर्थ छैन । ती बाचाहरू केवल चुनावी नारा मात्र बन्न सक्छन्। नेताहरूले गरेका आर्थिक बाचा पूरा गर्ने स्थितिमा अहिले राष्ट्रिय ढुकुटी छँदैछैन। ठूला–ठूला आयोजनाहरू पूरा गर्न राज्यसँग ठूलो पूँजी नै छैन । देश अहिले रेमिट्यान्सले चलेको छ। यो यथार्थ मतदाताले प्रस्टगरी बुझ्न आवश्यक छ।

# खल्लास एमाले

मन्तव्य



कुमारबन्धु रुपाखेती

**औद्योगिक नगर भएकोले राजनीतिक दलहरूको राम्रो आर्थिक सङ्कलन अथवा दोहन क्षेत्र पनि वीरगंज हो । तर यसपटक यहाँ कसैले पनि राम्रो अर्थ सङ्कलन गर्न सकेका छैनन् । साना दलहरू त त्यसै पनि धनको मोहताज छन् । तर बोरामा ल्याएर झोलामा बाँड्नेहरूसमेत यसपटक हिस्स परेका देखिन्छन् ।**

दलबदलु, बदनाम र छेपारे प्रवृत्तिका नेताहरूको शरणस्थल कुनै जमानामा नेपाली काङ्ग्रेस थियो भने अचेल सडेगलेका यस्ता कबाडहरूलाई एमालेले इज्जत दिन थालेको छ । यसपटकको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा यस्ता पच्चीस प्रतिशत गन्हाउने अनुहारलाई एमालेले उम्मेदवार बनाएको छ । २०७४ सालको निर्वाचनमा हृदयेश त्रिपाठीहरूले सूर्य चिह्न लिएर बाजी मारेका थिए, मन्त्री पनि पड्काए र अहिले लापत्ता छन्, सूर्य र एमालेसँग अब कुनै नाता नै छैन। अहिले त झन् अनुदार महापञ्च भनिने कमल थापाले बाइज्जत सूर्य चिह्न फहराउन पाएका छन् । भीम रावल र घनश्याम भुसालमाथि नकेल कसेका ओलीलाई रौतहटका प्रभु साहले ४४० भोल्टको झट्का दिएर उनको र सूर्य चिह्नको औकात देखाइदिए । ओली नेतृत्वमा आएदेखि नै एमालेमा आफन्तलाई पाखा र बाहिरकालाई काखामा राख्न थालिएको छ। अझै पनि एमालेभित्रका आफ्ना आलोचकहरूमा ओलीले माधव नेपालको गन्ध पाउँछन्।

अब यस्तो पाराले एमालेलाई पहिलो पार्टी बनाउँछु भन्नु र रावणले सिढी चढेर चन्द्रमामा पुग्छु भन्ने कुरा उस्तैउस्तै हो । यस्तै रवैयाले गर्दा स्थानीय निर्वाचनमा एमाले खस्केर निचला पायदानमा पुगेको थियो। यसरी म्यादी उम्मदेवारहरू खडा गरेर एमालेले आफ्नै आङको छारो उडाउँदैछ । एमालेलाई खुइल्याउने काम स्वयम् ओलीले नै गर्दैछन् कि भन्ने भ्रम पर्न थालेको छ। 'हर बहे से खर खाए, बकरी खाए अचार' प्रवृत्तिले यसपटकको निर्वाचनमा स्थानीयमा थुप्रै बालेन शाहहरू जन्मिने सम्भावनालाई नकार्न सकिंदैन। ज्येष्ठ नागरिक ओलीको बिर्सिने रोगले पीडित छन् कि भन्ने पनि भान पर्न थालेको छ।

बूढो ओलीको बालहठले मङ्सिर ४ गतेपछि एमालेको अवस्था धोबीका कुत्ता घरका न घाटका जस्तो नहोस् भन्नेतर्फ कसैको ध्यान गएको देखिंदैन। पाखामा त्यागी र काखामा म्यादी राख्दा कतै एमालेको हबिगत प्रजा परिषद्जस्तो नहोस्।

प्रभु साह, हृदयेश त्रिपाठी अनि कमल थापाहरू त म्यादी भर्ना भएका हुन् नि। म्यादीले सुविधा पाउन्जेल रजगज गर्छन्, अनि बाटो तताउँछन्। देउवालाई उनी परमादेशबाट अदालतबाट आएको सरकार भन्छन्, अनि त्यही अदालतको परमादेशबाट ओलीले सूर्य चिह्न पाएको होइन र ? झन्डै सूर्य पनि माधव नेपालले खोसिसकेका थिए । रेसमा लङ्गडो घोडामा कसैले बाजी लगाउँदैन, सिवाय ओलीले । पर्सा जिल्लामा एमाले उम्मेदवार बनेका जालीम मियाँ विगतमा पञ्च, काङ्ग्रेस, माओवादी हुँदै अचेल सूर्य बनेका छन्। अचाक्ली नै हो नि ! ओली कहिले कालीबहादुर खाम त कहिले बबन सिंहजस्तालाई खोज्दै हिंड्छन् अनि भीम रावल, घनश्याम भुसाललाई दोषी चश्माले हेर्छन्। त्यसैले म भन्छु समय छँदै ओली प्रवृत्तिमा लगाम नलगाउने हो भने भोलिका दिनमा खल्लास एमाले अथवा एमाले खल्लास भन्न नपरोस् । अहिले त लाल सलाम भन्नेहरूमा लाल लगाम छ।

काङ्ग्रेस र एमाले देशका दुई ठूला दलमध्ये एउटा (एमाले)ले ढेडिया, पोठियालाई उम्मेदवार बनाउँदै हिंडेको छ भने नेपाली काङ्ग्रेस धनाढ्य र पूँजीपतिहरूलाई ताकेर हिंडिरहेको देखिन्छ । अचेल पैसावालहरू पनि अलिअलि राजनीति गर्न जान्ने भइसके। उम्मेदवार नै बनेपछि चन्दा–सन्दाको हरहर कचकच नै समाप्त, अनि उद्योगधन्दा चलाउन, मनग्य कमाउन पनि सजिलो । काङ्ग्रेसको समानुपातिक त पैसावालहरूको दाइजो नै साबित भएको छ।

तर जेसुकै भएपनि काङ्ग्रेस र एमालेका ठाकुरहरूले 'हिंजडो कि फौज बनाई है' भन्ने पनि चर्चा छ।

औद्योगिक नगर भएकोले राजनीतिक दलहरूको राम्रो आर्थिक सङ्कलन अथवा दोहन क्षेत्र पनि वीरगंज हो। तर यसपटक यहाँ कसैले पनि राम्रो अर्थ सङ्कलन गर्न सकेका छैनन्। साना दलहरू त त्यसै पनि धनको मोहताज छन्। तर बोरामा ल्याएर झोलामा बाँड्नेहरूसमेत यसपटक हिस्स परेका देखिन्छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## निर्वाचनसँगै समृद्धिको अपेक्षा

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

कुनै पनि मुलुकको सामाजिक, राजनीतिक, आर्थिक, वर्गीय, क्षेत्रीय, प्रादेशिक सबै समस्याको सोझो सम्बन्ध त्यहाँको आर्थिक गतिविधिसँग गाँसिएको छ । किनभने आर्थिक सम्बन्ध वा अन्तर्सम्बन्धमा देखापर्ने जटिलता वा समस्याका कारण नै समाजमा सामाजिक, राजनीतिक, धार्मिक, वर्गीय, जातीय, लिङ्गीय विभेद सृजना हुन्छ । यिनै विभेदहरू गहिरिँदै जाँदा समाजमा द्वन्द्व, विद्रोह र विखण्डनजस्ता कुराले प्रश्रय पाउँछन् । त्यसैले आर्थिक सम्बन्ध वा अन्तर्सम्बन्ध तथा यसबाट सिर्जित सामाजिक, प्रादेशिक र राष्ट्रिय तरङ्गहरूको विश्लेषण गर्नु भनेको नै मुलुकमा विद्यमान समस्या वा जटिलताको सूक्ष्मरूपमा उपचार खोज्न सक्नु हो ।

विगत केही वर्षयता नेपालको अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान लगातार घट्दो क्रममा छ । पश्चिम नेपालको बाँके, बर्दिया र कैलालीमा फलेको धान-चामल भारतको राँचीसम्म पुग्थ्यो । पूर्व र मध्यका बारा, पर्सा, रौतहट, धनुषा, महोत्तरी, सुनसरी, मोरङ र झापालगायत जिल्लाबाट पनि धान-चामल निर्यात हुन्थ्यो । तोरीको तेलदेखि चौंरीको घीउ, छुर्पी र जडीबुटीसम्म विभिन्न देशमा पुग्थ्यो । विराटनगरबाट ठूलो परिमाणमा जुट निर्यात हुँदै आएको इतिहास पनि ताजै छ । नेपालको वैदेशिक व्यापार सन्तुलनमा कुनै समय धान-चामल निर्यातको महत्त्वपूर्ण भूमिका रहेको थियो । भारतीय नागरिक नेपालको सीमावर्ती शहरदेखि काठमाडौंसम्म किनमेल गर्न आउँथे । नेपालको सीमावर्ती बजार-व्यवसाय गुलजार हुने गर्दथ्यो । तर, अहिले अवस्था पूरै फेरिएको छ । धान-चामल निर्यात गर्ने देशमा अहिले चामल आयात नगरी खान नपुग्ने स्थिति उत्पन्न भएको छ । वार्षिक करीब ५० अर्ब रुपियाँभन्दा बढीको धान-चामल आयात हुने गरेको तथ्याङ्क छ । अहिले भारतीय नागरिक किनमेल गर्न नेपाली बजार आउँदैनन् । उल्टै भारतीय सीमावर्ती बजारमा आवश्यक खाद्यान्न र लत्ताकपडा किन्न नेपालीको लर्को लागेको देखिन्छ ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा एकतिहाईभन्दा कम अर्थात् २५ प्रतिशत योगदान कृषि क्षेत्रको छ । यसले गर्दा पनि मुलुकको आर्थिक वृद्धिदरको निर्धारण कृषि उत्पादनमा निर्भर रहन्छ । मुलुकको जनशक्तिको करीब ७१ प्रतिशत जनशक्ति कृषि क्षेत्रमा छ । तर मुलुकको आर्थिक वृद्धिमा कृषिको योगदान २५ प्रतिशत मात्र छ । नेपाली अर्थतन्त्रमा उद्योगको योगदान क्रमशः घट्दै गएको छ । सेवा क्षेत्रले कृषि र उद्योग क्षेत्रको कुल योगदानलाई समेत उछिनेको छ । परम्परागत खेती प्रणालीले एकातिर धेरै श्रमशक्तिको खपत गरेको छ भने कुल उत्पादन भने बढ्न सकेको छैन । आर्थिक वृद्धिको व्यापक परिवर्तन गर्न कृषिमा आधारित अर्थतन्त्रबाट क्रमशः उद्योग र सेवा क्षेत्रतर्फ अगाडि लाग्नुपर्छ । विगत केही दशकको औसत आर्थिक वृद्धिदर ४ प्रतिशतमा रहेको हुँदा पनि सेवा क्षेत्रको वृद्धिदर भने औसत ५.३ प्रतिशत रहेको देखिन्छ । सेवा क्षेत्रले यथेष्ट रोजगार दिन नसक्ने र कृषि क्षेत्रको योगदान अर्थतन्त्रमा अझै उच्च हुनु उच्च दरको अर्थिक वृद्धिको बाधकका रूपमा रहेको छ । हुनत नेपालले गरीबी निवारणको विषयमा प्रगति गरे पनि आर्थिक असमानता बढेको देखिन्छ । दुई-तीन दशकको अवधिमा नेपालको गरीबी ६८ प्रतिशतबाट २० प्रतिशतमा झरेको अनुमान छ । यसरी सबल र सुदृढ अर्थ व्यवस्थाका लागि मूलभूत आधारहरूको योगदान बढाउन सके मात्र मुलुक सम्पन्नताको बाटोमा लम्किन सक्छ ।

औद्योगिक विकासका लागि राज्यले पर्याप्त ध्यान नै दिन नसकेको कारण पनि यस क्षेत्रको योगदान खुम्चिँदै गएको हो । केही दशक अगाडि राज्यको काम उद्योगधन्दा चलाउने र व्यापार-व्यवसाय गर्ने होइन भनेर खर्बौं रुपियाँको सार्वजनिक सम्पत्ति कौडीको दाममा निजी क्षेत्रलाई बेच्ने कार्य भयो । हिमाल सिमेन्ट, हेटौंडा कपडा उद्योग, वीरगन्ज चिनी कारखाना, जनकपुर चुरोट कारखाना, सोक्तिम चिया, शाही नेपाल औषधि लिमिटेड र ट्रली बसजस्ता आम नागरिकको जीवनयापनसँग प्रत्यक्ष सरोकार राख्ने कारखाना, कम्पनी र सेवाहरू बन्द गराउँदा यसको प्रत्यक्ष मार अर्थतन्त्रमा परेको स्पष्ट छ । आर्थिक उदारीकरणको नीति अवलम्बन गरेपछि नेपालमा निजी क्षेत्र सबलरूपमा अगाडि आएको त छ, तर ती क्षेत्र, रोजगारमूलक र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग कलकारखाना सञ्चालन गर्नुभन्दा विदेशबाट सामान ल्याएर कमिशनको व्यापारमा बढी केन्द्रित हुन थालेको देखिन्छ । यसरी तराई-मधेसमा समन्यायिक आर्थिक विकास हुन नसक्नुको प्रमुख कारण यहाँ स्थापित सरकारी उद्योग प्रतिष्ठानहरूलाई रणनीतिक योजना अन्तर्गत बन्द गर्नु पनि हो ।

**अहिले सबै नेपालीको चाहना समन्यायिक आर्थिक विकास तथा समृद्ध नेपाल निर्माण हुनु हो । त्यो तब मात्र सम्भव हुन्छ, जब आर्थिक आधारहरू विशेषगरी औद्योगिक लगानीमैत्री नीति तर्जुमा गरी यसलाई प्रभावकारीरूपमा लागू गर्न सकिन्छ ।**

हेटौंडा कपडा कारखाना बन्द भएसँगै बाँकेको कपास विकास कम्पनी पनि बन्द भयो, फलस्वरूप कपास खेतीमा आश्रित बाँकेदेखि कञ्चनपुरका हजारौं कृषक प्रभावित भए । नेपालकै ठूलो वीरगंज चिनी कारखाना बन्द हुँदा मध्यतराईका बारा, पर्सा, रौतहट र सर्लाहीसम्मका कृषकहरूको जनजीवनमा ठूलो असर पर्‍यो । त्यस्तै धनुषा जिल्लाको आर्थिक आधार मानिएको जनकपुर चुरोट कारखाना बन्द हुँदा धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सर्लाही र रौतहटदेखि उदयपुरसम्मका कृषकहरूको आम्दानीको प्रमुख स्रोत नै सुक्न पुग्यो । पूर्वी नेपाल मात्र होइन, नेपालकै उद्योगीकरणमा महत्त्वपूर्ण योगदान दिएको विराटनगर जुट उद्योग बन्द हुँदा मोरङ, सुनसरी, झापा, सप्तरी र सिरहासम्मका कृषकको आर्थिक उपार्जनमा धक्का लाग्यो । तराई-मधेस क्षेत्रमा समन्यायिक आर्थिक विकास हुन नसक्नुको पछाडि यो एउटा महत्त्वपूर्ण कारण हो ।

अहिले मुलुक प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचनको सँघारमा उभिएको छ । मङ्सिर ४ गते हुने यो निर्वाचनसँगै करको विषयलाई लिएर उद्योगी-व्यवसायी तथा आम लगानीकर्तामा निकै शङ्का उपशङ्का छन् । राष्ट्रिय वा अन्तर्राष्ट्रिय जुनसुकै लगानीकर्ताले लगानी गर्नुभन्दा पहिले आफ्नो लगानीको सुरक्षा हुन्छ कि हुँदैन, त्यसको प्रतिफल के कसरी फिर्ता लिन सकिन्छ भन्ने विषयमा संवेदनशील हुन्छ । यस्तो अवस्थामा निर्वाचनपछि आउने सरकारले मुलुकको आर्थिक समृद्धिका लागि सबैभन्दा पहिले मुलुक सुहाउँदो समाजवाद उन्मुख नयाँ आर्थिक नीति तयार पारेर त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ । यसका लागि मुख्यतः तीनवटा प्रस्ताव अगाडि सार्नु उपयुक्त हुन्छ । पहिलो, आर्थिक चरित्र निर्माणका लागि उपयुक्त विधि र प्रक्रिया विकासमा जोड दिनुपर्दछ । यस अन्तर्गत उद्योगमा वित्तीय व्यवस्थापन, आधारभूत ऋणको साङ्गठनिक व्यवस्थापन र मूल्य नीति पर्दछ । दोस्रो, प्रशासनिक चरित्र निर्माणको विधि अवलम्बन गर्नुपर्दछ । यस अन्तर्गत अधिकारीको नियुक्ति, विश्वासको आधार, तालीम, एक अर्काबीच सामग्री हस्तान्तरण गर्दाको जिम्मेवारी तथा योजना निर्माण र कर्तव्यपालन नगर्दा गरिने कारबाई एवं हटाइने विधि प्रक्रिया पर्दछन् । तेस्रो, उत्पादन योजनाको चरित्र निर्माण गर्ने विधि । यस अन्तर्गत उत्पादन र 'डिस्पोजल'को बृहत् योजना, निरीक्षण तथा नापजाँच योजना, कार्यान्वयन योजना पर्दछन् । यसका साथै नयाँ आर्थिक नीतिमा गाउँ र दूरदराजका क्षेत्रलाई रेल्वे र सडक सञ्जालमार्फत जोड्ने, सडक सञ्जालबाट जोडिएका गाउँ-बजारमा नयाँनयाँ माटो सुहाउँदो उत्पादन योजना निर्माण गर्ने ( जस्तै पशुपालन, विभिन्न प्रकारका नगदेबाली, स्थानीय तहका खानी तथा खनिज व्यवस्थापन र अन्य आय आर्जनका लागि व्यवस्थित तालीम) जस्ता योजना कार्यान्वयनमा आएपछि अधिकांश मानिस गाउँमैं स्वरोजगारी बन्ने वातावरण तयार हुनेछ । यसका साथै पोलिटेक्निक इन्स्टिच्युटहरूको स्थापना तथा विद्युतीकरणमा जोड दिनुपर्छ ।

वास्तवमा कुनै पनि मुलुकको आर्थिक सामाजिक विकासलाई भौतिक विकासका आँखाले मात्र हेर्नुहुँदैन । आम मानिसको आर्थिक, सामाजिक, भौतिक तथा सांस्कृतिक विकासमा समर्पित आर्थिक नीतिले सम्पूर्ण जनताको सहभागितामा जोड दिन्छ र यसले समग्रमा सबैका लागि अवसर पनि प्रदान गर्छ । समग्र मानवीय विकासमा समग्र सामूहिकताको अभियानले अझ बढी उत्पादकत्व बढाउँछ । यसरी आर्थिक वृद्धि र उद्योगीकरणका लागि राष्ट्रियरूपमा पूँजी सञ्चितिसहितको वित्तीय व्यवस्थापन गर्नु आवश्यक छ । हुनत राजनीतिक कुशलता त्यो हो, जसले सामाजिक रूपान्तरण सहितको आर्थिक उन्नतिका ढोका खुला गर्न सक्छ । समानतामा आधारित समानुपातिक समावेशितासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थायित्वका लागि नेपाली अर्थतन्त्रलाई स्वतन्त्र, सार्वभौम र अक्षुण्ण राख्नैपर्छ । त्यसका लागि वित्तीय तथा आर्थिक अर्थतन्त्रका आधारहरूलाई राजनीतिक अर्थ व्यवस्थाको फोहरी किचिलोबाट मुक्त राख्नु जरूरी छ । अहिले सबै नेपालीको चाहना समन्यायिक आर्थिक विकास तथा समृद्ध नेपाल निर्माण हुनु हो । त्यो तब मात्र सम्भव हुन्छ, जब आर्थिक आधारहरू विशेषगरी औद्योगिक लगानीमैत्री नीति तर्जुमा गरी यसलाई प्रभावकारीरूपमा लागू गर्न सकिन्छ ।

## खेतमा सिंचाइको सुविधा पुगेपछि ...

जनकपुरधाम, ३ कात्तिक/रासस

धनुषाको सबैलाका किसान श्यामदेव यादवलाई यसपटक धानखेतीका समयमा सिंचाइको खासै समस्या भएन ।

विगतमा आकाशे पानीको भरमा खेती गर्दै आएका उनलाई यस वर्ष धेरै वर्षा नभए पनि धानखेतीका लागि चाहिने सिंचाइका लागि समस्या भएन । किसानलाई सिंचाइ सुविधा पुऱ्याउने उद्देश्यले कमला सिंचाइ व्यवस्थापन कार्यालय, धनुषाले कमला सिंचाइ नहर प्रणाली अन्तर्गत सिंचाइ सुविधा पुऱ्याएपछि किसान यादवले बर्सेनि धानबाली लगाउने बेलामा भोग्दै आएको सिंचाइको समस्याबाट छुटकारा पाएका छन् ।

"अघिल्लो वर्षहरूमा खेती गर्न सिंचाइको ठूलै समस्या भोग्नुपर्दथ्यो," उनले भने, "तर यसपालि कुलोमा समयमैं पानी आयो, त्यसैले समयमैं धानखेती गर्न भ्याइयो ।" पहिलाको जस्तो यसपालि खेती गर्न पानीको कुनै समस्या भएन उनको भनाइ थियो । विगतमा धानखेतीयका लागि वैकल्पिक सिंचाइको भर पर्नुपर्ने समस्या भोग्दै आएका सिराहाको औरहीका किसान असर्फी साहले पनि यसपालि धानखेतीका लागि पानीको कुनै समस्या नभएको बताए ।

"सिंचाइ सुविधा नहुँदा खेतीपातीको लागि पहिला पहिला कि त आकाशे पानीको भर पर्नुपर्दथ्यो कि विद्युतीय मोटर वा अन्य वैकल्पिक सिंचाइको व्यवस्था गरेर खेती गर्नुपर्दथ्यो," उनले भने, "तर यसपालि कुलोमा पानी आएपछि सहजरूपमा सिंचाइ गर्न पाएँ ।" अब सायद हामीलाई सिंचाइ गर्न पानीको खासै समस्या हुँदैन होला, उनको विश्वास छ ।

"केही वर्षअघिसम्म गाउँका अधिकांश किसान आकाशे पानीको भरमा खेती गर्दै आएका थिए," उनले भने, "यसका कारण समयमा वर्षा भएको वर्षमा राम्रो धानखेती हुन्थ्यो, वर्षा नहुँदा अधिकांश खेत बाँझो नै रहन्थ्यो तर पूर्वी नहरमार्फत किसानको खेतमा पानी आएपछि खेती गर्न सहज भएको छ," उनले भने ।

विगतका वर्षहरूमा वर्षा नहुँदा धनुषा, सिराहा, महोत्तरी र सप्तरीका अधिकांश खेतीयोग्य जग्गा बाँझो रहने समस्यालाई दृष्टिगत गरी कमला सिंचाइ व्यवस्थापन कार्यालय, धनुषाले कमला नदीबाट सिंचाइ गर्न विभिन्न पूर्वाधार निर्माण गरेपछि किसानको खेत-खेतमा पानी पुगेको हो ।

सो कार्यालयका अनुसार आर्थिक वर्ष २०७८/७९ मा धनुषा र सिराहातर्फ करीब छ किलोमिटर पक्की नहर निर्माण गरेको छ । सो अवधिमा पानी निकास र नियन्त्रणका लागि ५३ वटा पानी निकास गेट र ३५ वटा भिआरबी निर्माण गरिएको कार्यालयका प्रमुख वीरेन्द्र यादवले जानकारी दिए ।

यस्तै, सो अवधिमा धनुषा, सिराहा, सप्तरी र सिराहामा गरी चार जिल्लामा ३३ वटा डीप टच्युबेल जडानसँगै ५४ वटा डीप टच्युबेलमा पम्प हाउस तथा स्टोरेज टयाङ्कसमेत निर्माण गरिएको कार्यालय प्रमुख यादवले बताए ।

प्रमुख यादवका अनुसार आर्थिक वर्ष २०७८/७९ मा सिराहाको औरहीमा एउटा साइफन, सिराहाकै विष्णुपुरस्थित हनुमान चोकमा एउटा स्केप र सिराहाको अर्नमा गाउँपालिकास्थित मैनाबत्ती खोलामा दुईवटा हेडवक (पक्की बाँध) समेत निर्माण गरिएको छ ।

कमला सिंचाइ पश्चिमी नहर प्रणाली अन्तर्गत धनुषाको पूर्वी नहर प्रणाली, पश्चिमी नहर प्रणाली र हर्दिनाथ सिंचाइ प्रणालीमा करीब १० किलोमिटर सडकमा ग्राभेल गरिएको प्रमुख यादवको भनाइ छ । सिराहाको औरही शाखामा दुईवटा ड्रप स्टेक्चर निर्माणसँगै ४१ किलोमिटर नहरमा सरसफाइ गरिएको छ । आव २०७८/७९ मा ६०८ मिटर क्षेत्रफलमा नहर तथा संरचना संरक्षण कार्य गरिएको, २८ स्थानमा आउटलेट र आठ स्थानमा इनलेट निर्माण कार्य गरिएको उनले बताए ।

सो कार्यालयद्वारा निर्माण गरिएको सिंचाइ संरचनाका कारण आव २०७८/७९ मा धनुषा, सिराहा, सप्तरी, महोत्तरीमा करीब एक हजार ६९५ हेक्टर क्षेत्रफलमा सिंचाइ सुविधा पुगेको प्रमुख यादवले जानकारी दिए । कमला सिंचाइ पश्चिमी नहर प्रणाली, पूर्वी नहर प्रणाली र हर्दिनाथ नहर प्रणालीमार्फत वर्षायाममा २५ हजार हेक्टर क्षेत्रफलमा सिंचाइ हुँदै आएको जनाएको छ ।

## माटोका भाँडा किन्नेको भीड

राजविराज, ३ कात्तिक/रासस

सप्तरीको राजविराजस्थित हटियामा लक्ष्मीपूजा अर्थात् दीपावलीको अवसर पारेर बजारमा माटोका दियोसहितका भाँडा किन्नेको दैनिक भीड लाग्ने गर्दछ ।



तस्वीरः प्रतीक

लक्ष्मी पूजा नजीकिएसँगै बजारमा माटोका भाँडादेखि विभिन्न पूजाका सामग्री किन्नेको चहलपहलसमेत बढेको देखिन्छ । कुमाल जातिले बनाउने माटोका मूर्ति, सरसामान अति नै शुद्ध हुने भएकाले यसको बिक्री वितरणमा वृद्धि भएको जनाइएको छ । पूजापाठमा माटोद्वारा निर्मित सामान प्रयोग गरिँदै आइरहेका हुनाले माटोका भाँडा लक्ष्मीपूजामा प्रयोग गर्नेको सङ्ख्या यतिखेर बढेको कुमाल रामकुमार पण्डितले बताए ।

चाडपर्व नजीकिँदै गर्दा ठाउँठाउँमा माटोका भाँडा, फलफूल, विभिन्न मूर्तिका सामान र माटोका भाँडामा ढकनी, दीप, घैलालगायतका खरीद-बिक्री भइरहेको व्यापारी बताउँछन् ।

साथै नयाँ भाँडा चोखो भएको हुनाले पनि त्यसको पनि बिक्री भइरहेको छ । जिल्लाको भारदह, कञ्चनरूप, हनुमाननगर, रूपनी, बोदे बर्साइनलगायतका विभिन्न ग्रामीण भेगका बजारमा पनि सुनदेखि नूनसम्मको सामान मानिस किनमेल गरिरहेको पाइएको छ ।

यही कात्तिक ७ गते सोमवार हुने दीपावलीका लागि सजावटका सामानसहित दीप, मैनबत्ती, अगरबत्ती, लड्डू र प्रसादका सामानसमेतको खरीद-बिक्री बढेको सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-१ भारदहका मिठाइ व्यवसायी जुगेश्वर साहले बताए । शनिवारदेखि शुरू हुने हिन्दूको चाडपर्व तिहारको लक्ष्मीपूजा (दीपावली), गाईपूजा, भाइटीका, सूर्य देवतालाई अर्घ्य दिएर पूजा गरी तराई-मधेसका जिल्लामा छठ पर्व मनाइने गरिन्छ ।

## प्राङ्गारिक खेतीमा विज्ञको जोड

काठमाडौं, ३ कात्तिक/रासस

विद्यमान विषादी खेती प्रणालीले जनस्वास्थ्यका साथै माटो, पानीलगायत पर्यावरणीय क्षेत्रमा प्रतिकूल असर पारेकाले प्राङ्गारिक खेतीमा जोड दिनुपर्ने धारणा व्यक्त गरेका छन् ।

विश्व खाद्य दिवसको अवसरमा खाद्यका लागि कृषि अभियान, राष्ट्रिय किसान समूह, अनाजलगायतका संस्थामा आबद्ध कृषि विज्ञहरूले राजधानीमा आज आयोजना गरेको 'जैविक खेतीः खाद्य प्रणालीको पुनर्जीवन' विषयक अन्तर्क्रिया कार्यक्रममा सो धारणा व्यक्त गरेका थिए ।

राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा रामकृष्ण तिमल्सिनाले खेतीमा विषादीको प्रयोगबाट आममानिसको स्वास्थ्यमा प्रतिकूल प्रभाव बढ्दै गएकाले प्राङ्गारिक खेती प्रणालीको विकास अपरिहार्य रहेको बताए । सरकार सम्बद्ध अधिकारीले द्वैध चरित्र देखाएका कारण नेपालमा प्राङ्गारिक खेती हुन नसकेको उनको आरोप थियो ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का वरिष्ठ वैज्ञानिक बालकृष्ण जोशीले तुलनात्मकरूपमा आधुनिक खाद्यान्नबालीभन्दा रैथाने सन्तुलित तथा स्वस्थकर हुने बताए । खाद्यका लागि कृषि अभियानकर्मी प्रमोद दाहालले अहिलको खेती प्रणालीमा रासायनिक विषादीको प्रयोगका कारण बालबालिकाको स्वास्थ्यमा समेत प्रभाव बढ्दै गएको जानकारी दिए । कृषि विभागका उपमहानिर्देशक डा हरिबहादुर केसीले पूर्ण प्राङ्गारिक खेती प्रणालीले खाद्य सुरक्षा र खाद्य सम्प्रभुत्ता कायम हुन नसक्ने भन्दै दुवै खेती प्रणालीलाई अगाडि लैजानुपर्ने बताए ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सहसचिव सबनम सिवाकोटीले उत्पादन बढाउनुपर्ने चुनौती रहेकाले रासायनिक मल र विषादी प्रयोग पूर्ण प्रतिबन्धभन्दा पनि क्रमिकरूपमा घटाउँदै लैजानुपर्ने बताइन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीका प्रमुख स्वकीय सचिव डा भेषराज अधिकारीले संविधानले खाद्य अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरे पनि उत्पादन प्रणालीविना कार्यान्वयन सम्भव नहुने भन्दै उत्पादनमा जोड दिनुपर्ने बताए ।



किसान प्रतिनिधि माधव ढङ्गेलले पढेलेखेकाले नै नेपालको कृषि क्षेत्र ध्वस्त पारेको भन्दै नीति निर्माण तहमा बसेर उनीहरूले द्वैध चरित्र देखाएको आरोप लगाए ।

खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले उन्नत खेती प्रणाली र जलवायु परिवर्तनको असर न्यूनीकरणबीच तालमेल सम्भव नहुने भन्दै प्राङ्गारिक कृषि प्रणालीबाट मात्रै जलवायु परिवर्तनको असर न्यूनीकरण हुन सक्ने जिकिर गरे ।

# ठोरीमा सत्ता गठबन्धनको अगुवा कार्यकर्ता भेला

चिरञ्जीवी सापकोटा, ३ कात्तिक/

ठोरीमा सत्ता गठबन्धनको संयुक्त अगुवा कार्यकर्ता भेला सम्पन्न भएको छ।



तस्वीर: प्रतीक

ठोरी गाउँपालिका वडा नं ४ को आठघरेमा सम्पन्न संयुक्त कार्यकर्ता भेलामा कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभा सदस्यका सत्ता गठबन्धनका साझा उम्मेदवार नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य रमेश रिजालले प्रतिगामी शक्ति र लोकतन्त्रविरोधीहरूलाई परास्त गर्न वाम–लोकतान्त्रिक गठबन्धन निर्माण गरी संविधानको रक्षाका लागि काङ्ग्रेस र माओवादीलगायतका दलहरू एक ठाउँमा उभिनुपरेको बताए। आफू गठबन्धनको साझा उम्मेदवार भएकोले भोलिका दिनमा पनि सबै जनताको साझा सांसद बनी यस क्षेत्रको विकासमा अहोरात्र खट्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रमका विशिष्ट अतिथि प्रदेशसभा सदस्यका उम्मेदवार शङ्करप्रसाद चौधरीले एमाले–जसपा गठबन्धन मधेसविरोधी र स्वार्थमा लिप्त मात्र भएको भन्दै जनताले त्यस्ता स्वार्थीहरूलाई मङ्सिर ४ गते बढार्ने भन्दै काङ्ग्रेस–माओवादी गठबन्धनले मधेस प्रदेशमा विजयको झन्डा फरफराउने बताए।

कार्यक्रमकै विशिष्ट अतिथिद्वय नेपाली काङ्ग्रेस मधेस प्रदेशका महामन्त्री वृहस्पतिकृष्ण श्रेष्ठ र माओवादी केन्द्रका केन्द्रीय सदस्य पिएल श्रेष्ठले काङ्ग्रेस–माओवादी गठबन्धनलाई ठोरीमा दुई दशक जीवित राखी निरङ्कुशता र स्वेच्छाचारी शक्तिहरूलाई एक ठाउँमा उभिएर तह लगाउनेसमेत प्रतिबद्धता व्यक्त गरे। दुवै वक्ताले मङ्सिर ४ को निर्वाचनमा मात्र काङ्ग्रेस माओवादी गठबन्धन मिलेको नभई यसलाई जीवित राखी ठोरीवासीमा भएको निराशालाई हटाउन संयुक्तरूपमैं हातेमालो गरी अघि बढी ठोरीको विकासमा लागिपर्नेसमेत प्रतिबद्धता व्यक्त गरे।

माओवादी केन्द्रका हरि सुनार, भक्तबहादुर सुनार, सूर्यबहादुर लामा, बईबहादुर पाखिन, सागर लामा, तिलकप्रसाद अधिकारीलगायतका नेताहरूले कार्यक्रममा आफूहरू मङ्सिर ४ गते मतदान गर्न आतुर रहेको धारणा व्यक्त गरे। काङ्ग्रेसले ४७ स्थानमा माओवादीको चुनाव चिह्नमा मतदान गर्दैगर्दा माओवादीले रूखमा मत हाल्दैन कि भन्ने शङ्का नगर्नसमेत माओवादी केन्द्रका नेताहरूले विश्वास दिलाएका थिए।

नेपाली काङ्ग्रेसका क्षेत्रीय सभापति श्रीकान्त यादव, महाधिवेशन प्रतिनिधिहरू रामबहादुर श्रेष्ठ, प्रकाश खनालगायतका नेताहरूले माओवादीले लगाएको ऋण काङ्ग्रेसले ब्याजसमेत तिर्ने प्रतिबद्धता व्यक्त गरे।

भेलामा ठोरी गाउँपालिकास्तरीय चुनाव प्रचारप्रसार समितिसमेत गठन गरिएको छ। नेपाली काङ्ग्रेस, ठोरीका सभापति सन्तोष श्रेष्ठ संयोजक र माओवादी केन्द्र, ठोरीका कावा अध्यक्ष रतन पौडेल सहसंयोजक रहेको वाम–लोकतान्त्रिक गठबन्धनभित्रका सबै दल सम्मिलित १०१ चुनाव प्रचारप्रसार समिति गठन गरिएको नेपाली काङ्ग्रेस प्रदेश समितिका क्षेत्रीय सभापति जीवनकृष्ण सापकोटाले जानकारी दिए।

भेला नेका, ठोरीका सभापति र माओवादी केन्द्र, ठोरीका कावा अध्यक्ष पौडेलको संयुक्त सभापतित्वमा सम्पन्न भएको थियो भने कार्यक्रममा माओवादी केन्द्रका नेता सागर लामाले स्वागत मन्तव्य राखेका थिए भने सहजीकरण माओवादी केन्द्रका बुद्ध पाखिनले गरेका थिए।

# नेपाल बुद्धिजीवी परिषद्को बैठक

प्रस, वीरगंज, ३ कात्तिक/

नेकपा एमालेसँग आबद्ध नेपाल बुद्धिजीवी परिषद्को मधेस प्रदेश कमिटीको बैठक सम्पन्न भएको छ।



तस्वीर: प्रतीक

बिहीवार बसेको बैठकले मधेस प्रदेशमा एमाले–जसपा गठबन्धनका उम्मेदवारहरूलाई जिताउन सहयोग गर्नेलगायतका निर्णयहरू गरेको छ।

परिषद्का मधेस प्रदेश अध्यक्ष शम्भु गुप्ताको अध्यक्षतामा बसेको बैठकले प्रत्येक निर्वाचन क्षेत्रमा पाँचजना सदस्य रहने गरी निर्वाचन सहयोग समिति गठन गर्ने र सम्बन्धित निर्वाचन क्षेत्रका उम्मेदवारहरूसँग समन्वय गरेर उनीहरूलाई जिताउन वातावरण सिर्जना गर्ने निर्णय गरिएको छ।

बैठकमा उपाध्यक्ष जीवछ यादव, सचिव अनिलकुमार झा, उपसचिव शशी भट्ट, नवलकिशोर झा, कोषाध्यक्ष अख्तर आलम अन्सारीलगायतको सहभागिता थियो।

# जसपाले बागीलाई कारबाई गर्‍यो

प्रस, जनकपुरधाम, ३ कात्तिक/

जनता समाजवादी पार्टी (जसपा)ले बागी उम्मेदवारलाई कारबाई गरेको छ। सो पार्टीले बिहीवार प्रेस विज्ञप्ति प्रकाशित गरी कारबाईबारे जानकारी दिएको हो।

केन्द्रीय कार्यालय प्रमुख प्रकाश अधिकारीले जारी गरेको विज्ञप्तिमा एमालेसँग तालमेल भएका स्थानहरूमा स्वतन्त्र उम्मेदवारी दिएका र त्यस्ता उम्मेदवारी फिर्ता लिन पार्टीले निर्देशन दिंदासमेत अटेर गरेका जसपाका सदस्यहरूलाई पार्टीबाट निष्कासन गरिएको उल्लेख छ।

पार्टीको निर्णयविरुद्ध उम्मेदवारी दिएकालाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको केन्द्रीय कार्यालयका प्रमुख अधिकारीले बताएका छन्।

जसपाले पार्टीको आधिकारिक उम्मेदवारबाहेक अरूको प्रचारप्रसारमा नलाग्नसमेत निर्देशन दिएको छ। यस्तै, एमालेसँगको चुनावी तालमेललाई सफल बनाउन आह्वान गरेको छ।

# ट्रकले बसलाई ठक्कर दिंदा ३० जना घाइते

प्रस, सिराहा, ३ कात्तिक/

पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सिराहाको गोलबजार वडा नं ८ चोहर्वामा बिहीवार गुडिरहेको बसलाई ट्रकले ठक्कर दिंदा पल्टिएर ३० जना घाइते भएका छन्।

पूर्वबाट पश्चिमतर्फ आइरहेको प्रदेश १–०५००१ ख ००२९ नम्बरको ट्रकले सोही दिसाबाट आउँदै गरेको ना.७ख ४९८१ नम्बरको बसलाई पछाडिबाट ठक्कर दिंदा अनियन्त्रित भई बस पल्टिएको थियो। घाइतेहरू सबै बसका यात्रु रहेको प्रहरीले जनाएको छ।

उनीहरूको स्थानीय स्वास्थ्य संस्थामा उपचारपछि अन्यत्र रेफर गरिएको इलाका प्रहरी कार्यालय, गोलबजारका प्रहरी निरीक्षक राजु केसीले जानकारी दिए।

घाइतेमध्ये तीनजनाको अवस्था गम्भीर छ। उनीहरूलाई उपचारको लागि विराटनगर पठाइएको प्रहरीले जनाएको छ।

ठक्कर दिने ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# भन्सार छलीका सामान र पटाकासहित एम्बुलेन्स नियन्त्रणमा

प्रस, जनकपुरधाम, ३ कात्तिक/

जनकपुरधाम उपमहानगरपालिका वडा नं १७ कटरैतबाट प्रहरीले मे.१च ३५० नम्बरको एम्बुलेन्सलाई भन्सार छलीका सरसामान र पटाकासहित प्रहरीले नियन्त्रणमा लिएको छ।

बिहीवार बिहान करीब ४ बजेको समयमा भन्सार छलीका सामानसहित एम्बुलेन्स नियन्त्रणमा लिएको प्रहरीले जनाएको हो। पक्राउ परेका एम्बुलेन्स धनुषाको सोनामाई भ्याली बचत तथा ऋण सहकारी संस्थाको रहेको थाहा भएको छ।

भारतको जयनगरबाट जनकपुरतर्फ आइरहेको उक्त एम्बुलेन्समा भन्सार छलीका किराना सामानहरू र विभिन्न किसिमका पटाकासमेत बरामद भएको जिल्ला प्रहरी कार्यालय, धनुषाले जनाएको छ।

एम्बुलेन्स र सामान कारबाहीको लागि जनकपुर भन्सार कार्यालयमा बुझाइएको छ।

# सप्तरीका सशस्त्र प्रहरी प्रमुख परिवर्तन

प्रस, सप्तरी, ३ कात्तिक/

सप्तरीको सशस्त्र प्रहरी प्रमुख परिवर्तन भएका छन्। सप्तरीमा सप्रउ तीर्थ पौडेललाई खटाइएको छ। उनी ककनी तालीम शिक्षालयमा कार्यरत थिए। सप्तरीमा कार्यरत सप्रउ प्रदीप खड्काले ककनी शिक्षालयको जिम्मेवारी पाएका छन्। निर्वाचन आउन एक महीना बाँकी रहेका बेला सशस्त्र प्रमुखलाई सशस्त्र प्रहरी बलले सरुवा गरेको हो।

## नवौं राष्ट्रिय खेलकूद.....

गण्डकी प्रदेश, प्रदेश नं १ र नेपाल पुलिसले समान एक/एक स्वर्ण पदक जितेका छन्।

प्रतियोगिता अन्तर्गत ४८ किलो तौल समूहमा आर्मीका सुशील थापा, ५१ किलो तौल समूहमा नेपाल पुलिस क्लबका चन्द्रबहादुर थापा, ५४ किलो तौल समूहमा आर्मीका प्रेम चौधरी, ५७ किलो तौल समूहमा गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का शिवु थापा, ६० किलो तौल समूहमा आर्मीका पुरन सुनुवार, लाइट ६३ किलो तौल समूहमा वाग्मतीका मौसम रानामगरले स्वर्ण पदक जिते।

त्यस्तै, ६७ किलो तौल समूहमा आर्मीका दानबहादुर दर्माली, लाइट ७१ किलोमा एनआरएनका चन्द्रबहादुर तामाङ, ७५ किलो तौल समूहमा आर्मीका दीपक श्रेष्ठ, लाइट ८० किलोतर्फ आर्मीका महेन्द्र केसीले स्वर्ण पदक जिते। ८६ किलो तौल समूहमा एपिएफका रविन नेपाली, ९२ किलो तौल समूहमा गण्डकीका दीपक सुनुवार, ९२ किलोभन्दा माथिको तौल समूहमा आर्मीका आशिष दवाडीले स्वर्ण पदक हात पारे।

यसैगरी, महिलातर्फ ४८ किलो तौल समूहमा वाग्मती प्रदेशकी सुषमा तामाङ, महिलातर्फको ५० किलो तौल समूहमा पुलिसकी दिवाना शर्मा, ५२ किलो तौल समूहमा आर्मीकी मीनु गुरुङ, ५४ किलो तौल समूहमा आर्मीकी वर्षा श्रेष्ठ, ५७ किलो तौल समूहमा आर्मीकी चन्द्रकला थापा, ६० किलो तौल समूहमा एपिएफकी सङ्गीता सुनार, ६३ किलो तौल समूहमा आर्मीकी पूनम रूवाल, ६६ किलो तौल समूहमा एपिएफकी विनीता मगर, ६९ किलो तौल समूहमा एपिएफकी सरस्वती रानामगरले स्वर्ण पदक हात पारे।

**दुई सय मिटर दौडमा शिवराज र निशालाई स्वर्ण**

एथलेटिक्स दुई सय मिटर दौडमा सशस्त्र प्रहरी बल (एपिएफ)का शिवराज पार्की र लुम्बिनी प्रदेशकी निशा चौधरीले स्वर्ण पदक जितेका छन्।

पोखरा रङ्गशालामा आज सम्पन्न दौडमा पुरुषतर्फ शिवराजले निर्धारित दूरी २१ दशमलव ९१ सेकेन्डमा पूरा गर्दै स्वर्ण जितेका हुन्।

महिलातर्फ लुम्बिनीकी निशाले २५ दशमलव २४ सेकेन्डमा पूरा गर्दै स्वर्ण जितिन्।


हिला बास्केटबल प्रतियोगिताको श्री बाई श्रीमा स्वर्ण पदक जित्न सफल सशस्त्र प्रहरीका खेलाडी। तस्वीर: रासस

**पाँच हजार मिटर दौडमा एपिएफका गोपीचन्द्रलाई स्वर्ण**

त्यस्तै, एथलेटिक्स अन्तर्गत पाँच हजार मिटर दौडमा एपिएफका गोपीचन्द्र पार्कीले स्वर्ण पदक जितेका छन्। दौडमा निर्धारित दूरी १४ मिनेट २९ दशमलव ६७ सेकेन्डमा पूरा गर्दै उनले स्वर्ण पदक हात पारेका हुन्।

यसअघि १० हजार मिटर दौडमा गोपीचन्द्रले रजत पदक जितेका थिए।

**महिला बास्केटबलमा छ पदकको टुङ्गो**

तनहुँमा सम्पन्न महिला बास्केटबलमा छ पदकको टुङ्गो लागेको छ। असोज २८ देखि कात्तिक २ गतेसम्म सम्पन्न बास्केटबलको फाइभ अन फाइभमा तीन र थ्री बाइ थ्रीमा तीन पदकको टुङ्गो लागेको हो।

महिला बास्केटबलको फाइभ अन फाइभमा एक विभागीय र पाँच प्रदेश गरी छ टोलीको सहभागिता थियो। थ्री बाइ थ्रीमा दुई विभागीय र छ प्रदेशसहित आठ टीमको सहभागिता थियो।

प्रतियोगितामा दुवैतर्फ गरी त्रिभुवन आर्मी क्लबले एक स्वर्णसहित दुई, सशस्त्र प्रहरीले एक स्वर्ण, वाग्मती प्रदेशले एक रजत र गण्डकी प्रदेशले दुई कांस्य पदक जितेको नेपाल बास्केटबल सङ्घका केन्द्रीय सचिव फणिन्द्रमान श्रेष्ठले जानकारी दिए।

प्रतियोगिताको फाइभ अन फाइभमा त्रिभुवन आर्मी क्लबले स्वर्ण पदक जितेको छ।

वाग्मती प्रदेशले रजत पदक जित्दा गण्डकी प्रदेशले कांस्य पदक जितेको छ। थ्री बाइ थ्रीतर्फ सशस्त्र प्रहरीले स्वर्ण पदक जितेको छ। त्रिभुवन आर्मी क्लबले रजत जित्दा गण्डकी प्रदेशले कांस्य पदक जितेको छ।

**त्रिपलजम्पमा शिला र डिल्लीले स्वर्ण जिते**

एथलेटिक्सको त्रिपलजम्पमा शिला चौधरी र डिल्ली खत्रीले स्वर्ण पदक हात पारेका छन्।

पोखरा रङ्गशालामा आज भएको खेलमा सशस्त्र प्रहरी बल (एपिएफ)की शिलाले महिलातर्फको विधामा स्वर्ण पदक जितेकी हुन्। शिलाले ११ दशमलव एक मिटर जम्प गर्दै स्वर्ण पदक हात पारेकी हुन्। नवौं राष्ट्रिय खेलमा शिलाको यो पहिलो स्वर्ण पदक हो।

सोही स्पर्धाको पुरुषतर्फ डिल्लीले स्वर्ण पदक हात पारे। त्रिभुवन आर्मी क्लबका खेलाडी डिल्लीले १३ दशमलव ९५ मिटर जम्प गर्दै स्वर्ण पदक जितेका हुन्।

**चार गुणा चार सय मिटर रिले दौडको दुवै विधामा आर्मीलाई स्वर्ण**

एथ्लेटिक्सको चार गुणा चार सय मिटर रिले दौडको पुरुष र महिलातर्फका दुवै विधामा त्रिभुवन आर्मी क्लबले स्वर्ण पदक जितेको छ।

पोखरा रङ्गशालामा आज भएको खेलमा आर्मीका सोमबहादुर कुमाल, रामप्रसाद थारू, जीवन चौधरी र प्रकाश दनुवारको टोलीले तीन मिनेट १८ दशमलव ३६ सेकेन्ड समय लगाउँदै स्वर्ण पदक हात पारेका हुन्।

यसैगरी, सोही स्पर्धाको महिलातर्फको विधामा पनि त्रिभुवन आर्मी क्लबले नै स्वर्ण जितको छ।

सरस्वती भट्टराई, जयरानी थारू, निर्मला थापा र कलेसी चौधरी सम्मिलित टोलीले चार मिनेट शून्य दुई दशमलव ७८ सेकेन्डको समय निकाल्दै स्वर्ण जितेको हो।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम — सम्पर्क नं. — आबद्ध स्वास्थ्य सेवा

१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०**

# अन्तर्राष्ट्रिय समाचार

## ९९ बालबालिकाको मृत्युपछि तरल औषधिको उपयोगमा प्रतिबन्ध


यो फोटो सन् २०१६ मा लिइएको हो, जसमा इन्डोनेशियाली मातापिता आफ्ना बालबालिकालाई एउटा अस्पतालमा लैजाँदै गरेको देखिन्छ। इन्डोनेशियामा चिकित्सा अधिकारीले मिर्गौलाको गम्भीर चोट जाँच गरिरहेका छन्। यस वर्षको सुरुआतमा लगभग सय बालबालिकाको मृत्यु भएको छ। तस्वीर फाइलः अचमद इब्राहिम/एपी

जकार्ता, ३ कात्तिक/सिन्हवा

इन्डोनेशियाले मिर्गौलाको गम्भीर चोटका कारण ९९ जना बालबालिकाको मृत्यु भएपछि सबैखाले झोल औषधिको उपयोगमा अल्पकालीन प्रतिबन्ध जारी गरेको छ।

देशका २० प्रान्तमा मिर्गौलामा गम्भीर चोट लागेका २०६ जनामध्ये ९९ जनाको मृत्यु भएपछि सबै तरल औषधिको उपयोग अस्थायीरूपमा रोक लगाइएको स्वास्थ्य मन्त्रालयले पत्रकार सम्मेलन गरेर जनाएको हो।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता मोहम्मद स्याहरिलले विशेषगरी छ वर्षभन्दा कम उमेरका बालबालिकामा साउनको अन्त्यदेखि सङ्क्रमण बढेको, केही बिरामीलाई पखाला चल्ने, खोकी लाग्ने, वाकवाकी हुने लक्षण देखा परेको उक्त मन्त्रालयका प्रवक्ता मोहम्मद स्याहरिलले बताए।

कोभिड–१९ खोपका कारण बालबालिका हताहत नभएको स्पष्ट गर्दै उनले छ वर्ष वा त्यसभन्दा माथिका बच्चालाई मात्र खोप लगाउन आह्वान गरिएको बताए।

भारतमा उत्पादन गरिएका चार प्रकारका खोकीका झोल औषधिले गाम्बियामा ७० बालबालिकामा मिर्गौलामा गम्भीर समस्या भई ज्यान नै गएको बताइएको छ।

इन्डोनेशियाको खाद्य तथा औषधि नियामक निकायले भारतीय औषधि देशमा दर्ता नभएको बताएको छ। त्यस सम्बन्धमा थप अनुसन्धान भइरहेको अधिकारीहरूले जनाएका छन्। रासस

## इन्डोनेशियालाई जी–२० मा चीनले सघाउने

बेइजिङ, ३ कात्तिक/सिन्हवा

चीनले इन्डोनेशियालाई विश्वका प्रमुख विकसित र विकासशील अर्थतन्त्रहरूको अन्तरसरकारी मञ्च जी–२० मा इन्डोनेशियालाई सघाउने घोषणा गरेको छ।

यही कात्तिक २९ गते इन्डोनेशियाको बालीमा हुने जी–२० को शिखर बैठकमा समूहको अध्यक्षको रूपमा आफ्नो भूमिका निर्वाह गर्न इन्डोनेशिया सक्षम रहेको जनाउँदै चीनले उसलाई सम्मेलनमा सघाउने एवं भावी योजना एवं रणनीतिमा आफ्नो समर्थन रहने बताएको हो।

शिखर सम्मेलनले विश्वव्यापी कोभिड–१९ प्रतिको प्रतिकार्य, आर्थिक पुनरुत्थान, खाद्य सुरक्षा तथा ऊर्जामा योगदान गर्ने अपेक्षा चीनको रहेको एकजना वरिष्ठ चिनियाँ कूटनीतिज्ञले बिहीवार बताएका हुन्।

उपविदेशमन्त्री मा झाओसुले बाली शिखर सम्मेलनको "एकसाथ सुदृढ पुनः प्राप्ति'को नारालाई चीनको समर्थन रहेको बताउँदै कोभिड–१९ प्रतिको प्रतिकार्यका निम्ति अन्तर्राष्ट्रिय सहयोगलाई सुदृढ तुल्याउन, विश्वव्यापीरूपमा आर्थिक सुधार प्रवर्द्धन गर्ने, विश्वव्यापी खाद्य र ऊर्जा सुरक्षा सुनिश्चित गर्नेलगायत क्षेत्रमा शिखर सम्मेलनले सक्रिय एवं रचनात्मक भूमिका निर्वाह गर्ने बताए।

चिनियाँ कम्युनिस्ट पार्टीको २०औं राष्ट्रिय महाधिवेशनको अवसरमा आयोजित पत्रकार सम्मेलनमा उपविदेशमन्त्री माले समूहको सदस्यको रूपमा चीनले अन्तर्राष्ट्रिय आर्थिक सहयोग र विश्वव्यापी आर्थिक सुशासनमा सक्रिय भाग लिइरहेको, दिगो, सन्तुलित एवं समावेशी वृद्धिलाई अघि बढाउन अन्य पक्षहरूसँग मिलेर काम गरिरहेको बताए। रासस

## डब्ल्युएचओ प्रमुखले लाखौं डलर दुरुपयोग गरेको आरोप

लन्डन, ३ कात्तिक/एपी

सिरियास्थित संयुक्त राष्ट्रसङ्घीय निकाय विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)को कार्यालय प्रमुखलाई लाखौं डलर दुरुपयोग गरेको आरोप लागेको छ।

उक्त कार्यालयका कर्मचारीले कोभिड–१९ को महामारीबाट देश आक्रान्त भएका बेला कार्यालय प्रमुख डा अक्जेमल म्यारिटमोवाले सरकारी अधिकारीहरूलाई कम्प्युटर, सुनका सिक्का र कारसमेत उपहार दिएर डब्ल्युएचओ कोषको दुरुपयोग गरेको आरोप लगाएका छन्।

एशोसिएटेड प्रेस (एपी)ले प्राप्त गरेको १०० भन्दा बढी गोप्य कागजात, सन्देश र अन्य सामग्रीमा डब्ल्युएचओका सिरिया प्रमुखले सिरियाली सरकारका उच्च पदस्थ राजनीतिज्ञहरूसँग सम्भौता गर्न कर्मचारीहरूलाई दबाव दिएकी तथा लगातार गलत ढङ्गले कोष र दाताहरूले दिएको रकम दुरुपयोग गरेको बयान दिएका भेटिएको छ। कर्मचारीहरूले अनुसन्धानकर्ताहरूलाई उनले भ्रष्टाचार गरेको बयान दिएका दस्तावेज एपीले हात पारेको हो।

म्यारिटमोभाले उनीमाथि लागेका आरोपबारे जवाफ दिन अस्वीकार गरेकी छन्।

आफ्नो पदीय मर्यादाको ख्याल गर्दै उनले जानकारी दिन अस्वीकार गरेको बताएकी छ। यद्यपि उनले ती आरोपलाई अपमानजनक भनेकी छन्। उनीविरुद्ध १२ जना कर्मचारीले उजुरी गरेका थिए। उजुरी परेसँगै डब्ल्युएचओले २० भन्दा बढी अधिकारी खटाएर आन्तरिक अनुसन्धान थालेको छ। उक्त संस्थाले उनीविरुद्ध आरोप छानबीन भइरहेको र त्यस निम्ति बाह्य अनुसन्धानकर्ता परिचालन गरेको बताएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – चोरभय | वृष – भयचिन्ता |
| मिथुन – मित्रमिलन | कर्कट – कान्तिक्षय |
| सिंह – सुयश | कन्या – अलमल |
| तुला – धनलाभ | वृश्चिक – कर्मप्राप्ति |
| धनु – अलमल | मकर – रोगभय |
| कुम्भ – व्यापारवृद्धि | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुबेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौत– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो ३:४० बजे

## सुरक्षा परिषद्द्वारा इजरायल–लेबनान समुद्री सीमा सम्झौताको स्वागत

संयुक्त राष्ट्रसङ्घ, ३ कात्तिक/सिन्हवा

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले इजरायल र लेबनानले समुद्री सीमा विवाद समाधानका निम्ति गरेका सम्झौताको स्वागत गरेको छ। दुवै देशले समुद्री सीमा विवाद अन्त्य गर्ने सम्झौताको घोषणा गरेकोमा सुरक्षा परिषद्ले बुधवार त्यसको स्वागत गरेको हो।

सुरक्षा परिषद्का सदस्यहरूले लेबनान र इजरायलले आफ्नो समुद्री सीमाको विवाद अन्त्य गर्न र यसलाई स्थायीरूपमा समाधान गर्न सहमत भएको घोषणाको प्रशंसा गरेका छन्। दुवै देशको उक्त निर्णयले मध्यपूर्वको स्थायित्व, सुरक्षा र समृद्धिमा योगदान पुग्ने परिषद्ले एक प्रेस विज्ञप्ति निकालेर जनाएको छ।

इजरायल र लेबनानबीचको सहमतिले दुवै देश र त्यहाँको जनतालाई फाइदा पुग्ने तथा पूर्वी भूमध्यसागरमा रहेको ऊर्जा स्रोतबाट दुवै पक्षलाई समान रूपमा लाभान्वित तुल्याउन अवसर मिल्ने परिषद्ले विज्ञप्तिमा उल्लेख गरेको छ। लेबनान र इजरायलका नेताहरूले गत असोज २५ गते पूर्वी भूमध्यसागरको सिमाना विवाद समाधान गर्न सहमत भएको घोषणा गरेका थिए। रासस

## मतदाता रिझाउँदै घरदैलो कार्यक्रम

प्रस, पोखरिया, ३ कात्तिक/

राजनीतिक दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारहरूले घरदैलो कार्यक्रमलाई निरन्तरता दिँदै आएका छन्। यसै क्रममा बिहीवार सत्तारुढ गठबन्धनबाट नेपाली काङ्ग्रेस, पर्सा क्षेत्र नं ४ का उम्मेदवार रमेश रिजालले चुनावी प्रचारप्रसारको क्रममा घरदैलो कार्यक्रमलाई निरन्तरता दिएका हुन्।


सत्तारुढ गठबन्धनबाट नेकाका उम्मेदवार रमेश रिजाल। तस्वीरः प्रतीक

कालिकामाई गाउँपालिका–५ बिरञ्चीबर्वामा गठबन्धनका माओवादी केन्द्रको टोलीसहित उनले घरदैलो कार्यक्रम गरेका हुन्। सो क्रममा उनले लोकतन्त्र र संविधानको पहरेदार नेका भएको र सोही पार्टी र गठबन्धनका उम्मेदवारहरूलाई मत दिएर विजयी बनाउन आग्रह गरे।


एमाले–जसपाबाट प्रतिनिधिसभाका एमाले उम्मेदवार जालीम मियाँ र जसपाबाट प्रदेशसभाका उम्मेदवार सिंहासन साह कलवार।

नेता रिजालले एमाले–जसपा गठबन्धन अपवित्र भएको र सत्ताको फोहरी खेलमा मात्र उनीहरूबीच सामीप्यता बढेको आरोप लगाए। दुवैको जीतबाट संविधानमा पुनः खतरा हुन सक्ने भन्दै उनले सत्तारुढ गठबन्धनलाई जिताउन आग्रह गरे। जसपाले एमालेसँग गठबन्धन गरेर मधेसी जनतासँग कुठाराघात गरेको उनले आरोप लगाए।

घरदैलो कार्यक्रममा नेपाली काङ्ग्रेसका प्रवक्ता रमेश पाण्डे, जगरनाथपुर गापाका अध्यक्ष श्रीकान्त यादव, युवा नेता राकेश यादव, क्षेत्रीय सचिव बलिस्टर अहमदलगायतको सहभागिता थियो।

यसैगरी, जसपा–एमाले गठबन्धनका उम्मेदवारहरूले पनि कालिकामाई गापा–२ मा संयुक्त घरदैलो कार्यक्रम गरेका छन्।


नेपाल सुशासन पार्टीबाट प्रतिनिधिसभा उम्मेदवार राजकुमार यादव र प्रदेशसभाका उम्मेदवार शिवकुमार साह। तस्वीरः प्रतीक

प्रतिनिधिसभा सदस्यका उम्मेदवार एमालेका जालीम मियाँ, (ख)बाट प्रदेशसभा सदस्यका उम्मेदवार जसपाका सिंहासन साह कलवारलगायतका टोलीले कालिकामाई गापा–२ को गदियानी, भेडिहारीमा संयुक्तरूपमा घरदैलो कार्यक्रम गरेका हुन्।

उनीहरूले जसपा–एमालेका उम्मेदवारहरूलाई विजयी गराउन मतदाताहरूसँग आग्रह गरे। सत्तारुढ गठबन्धनलाई पराजित गर्नको लागि एमाले–जसपाका उम्मेदवारलाई जिताउन उनीहरूले आग्रह गरे।

पर्सा क्षेत्र नं ३ मा नेपाल सुशासन पार्टीले घरदैलो कार्यक्रम गरेको छ। नेपाल सुशासन पार्टीबाट प्रतिनिधिसभाका उम्मेदवार राजकुमार गुप्ता, प्रदेशसभामा (क)बाट उम्मेदवार शिवकुमार साहको टोलीले पटेर्वासुगौली गापामा घरदैलो कार्यक्रम गर्दै नेपाल सुशासन पार्टीका उम्मेदवारलाई विजयी गराउन मतदाताहरूसँग आग्रह गरेका थिए।

## विद्यार्थीहरूको आँखा परीक्षण


तस्वीरः प्रतीक

प्रस, सेढवा ३ कात्तिक/

जगरनाथपुर गाउँपालिका–३ स्थित बाबा बैद्यनाथ आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको आँखा चेकजाँच गरिएको छ।

बिहीवार २०७ जना विद्यार्थीहरूको रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पतालका प्राविधिक टोलीले आँखा चेकजाँच गरेको अस्पतालको चिकित्सक डा सरिता गुप्ताले बताइन्। उनले आँखा चेकजाँच गरिएकोमध्ये एकजना विद्यार्थीमा दृष्टिदोष देखिएको बताइन्। यसैगरी छजना विद्यार्थीहरूको आँखासम्बन्धी समस्या रहेको चेकजाँचमा देखिएको थियो।

अस्पतालको नेत्र सहायक दीपककुमार यादव, रमिता यादव, स्वास्थ्यकर्मी रमिता दास, दिपु चौधरीको प्राविधिक टोलीले चेकजाँचमा सहयोग पुऱ्याएका थिए।

## कात्तिक ८ गते मङ्गलवार खण्डग्रास सूर्यग्रहण

काठमाडौं, ३ कात्तिक/रासस

कात्तिक ८ गते मङ्गलवार कात्तिक कृष्ण औंसीका दिन खण्डग्रास (थोरै सूर्य ढाक्ने) सूर्यग्रहण लाग्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ।


तस्वीरः फाइल

ग्रहणले अपराह्न ४:५२ बजे स्पर्श गर्नेछ। ग्रहण लागेको ३२ मिनेटपछि बेलुकी ५:२४ बजे सूर्यास्त हुने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए। करीब ३२ मिनेट मात्र नेपालबाट ग्रहण देखिने उनले बताए। नेपालबाट नदेखिने भएपनि ग्रहणले बेलुकी साढे सात बजे छाड्ने छ।

शास्त्रीय मान्यता अनुसार कात्तिक ८ गते बिहान ४:५२ बजेदेखि बाल, वृद्ध र बिरामीबाहेक अरूलाई भोजन निषेध गरिएको छ।

ग्रहण बार्नेले कात्तिक ९ गते बिहान सूर्योदय नभएसम्म अन्न खान निषेध गरिएको छ। ग्रहणका समयमा स्नान, दान, श्राद्ध, जप, ध्यान, साधनालगायत कर्म गर्न शुभ मानिन्छ। ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम हुने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतम बताउँछन्।

ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्रि, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख छ। ग्रहणका बेला गर्न हुने र नहुने कामलाई यी ग्रन्थमा यसरी उल्लेख गरिएको छ।

**निद्रायां जायते व्याधि मुत्रे दारिद्रमाप्नुयात्।
पुरिषे कृमियोनिश्च मैथुने ग्रामसुकरः॥
अभ्यञ्जने भवेत्कुष्ठि भोजने स्यादधोगति।
बन्धने च भवेत् सर्पे वधे च नरकं व्रजेत्॥**

अर्थात् ग्रहणका समयमा सुते रोग लाग्ने, पिसाब गरे दरिद्र, दिसा गरे कीरा भएर जन्मने, मैथुन गरे गाउँको सुङ्गुर भएर जन्मने, शृङ्गारपटार गरे कुष्ठरोगी, भोजन गरे अधोगति, बन्धनमा राखे सर्प भएर जन्मने, काटमार गरे नर्कमा बास हुने उल्लिखित धार्मिक ग्रन्थमा वर्णन गरिएको छ।

सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सूतक लाग्ने धर्मशास्त्रविद् गौतमले सुनाए। सूतक लागेपछि भोजन गर्न नहुने धार्मिक विश्वास छ। यसै विश्वास अनुसार कात्तिक ८ गते बिहान ४:५२ बजेदेखि भोजन गर्नुहुँदैन।

ग्रहणका समयमा नित्यकर्म गर्नुहुन्छ। घरमा तिथि, श्राद्ध परेमा ग्रहणमा गर्न हुने समितिले जनाएको छ। ग्रहण निषेध गरिएकाबाहेक कर्म गर्न हुने जनाइएको छ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# सहकारी प्रमुखलाई गोली प्रहार गर्ने चारजना पक्राउ

प्रस, सर्लाही, ३ कात्तिक/



सर्लाहीको वाग्मती नगरपालिका वडा नं १ स्थित सगुन बचत तथा ऋण सहकारी संस्थाको सेवा केन्द्र प्रमुख साजन कार्कीलाई गोली प्रहार गरेको अरोपमा प्रहरीले चारजनालाई पक्राउ गरेको छ।

पक्राउ परेकाहरूलाई जिल्ला प्रहरी कार्यालय, मलङ्गवामा बिहीवार दिउँसो पत्रकार सम्मेलन गरी प्रहरीले सार्वजनिक गरेको हो। पक्राउ परेकामध्ये तीनजना भारतीय नागरिक हुन्।

भारत बिहार राज्य शिवहर जिल्ला छपरा ग्राम पञ्चायतका १९ वर्षीय आलोक सिंह, बिहार वैशाली जिल्ला सुल्तानपुर ग्राम पञ्चायतका १९ वर्षीय सौरभकुमार यादव, बिहार मोतीहारी जिल्ला हजारा ग्राम पञ्चायतका १९ वर्षीय गुलशनकुमार सिंह र अर्का सर्लाहीको धनकौल–१ का ३२ वर्षीय धीरेन्द्र सहनी पक्राउ परेको जिप्रका, सर्लाहीले जनाएको छ।

प्रदेश प्रहरी कार्यालय, जनकपुरबाट प्रहरी निरीक्षक उमाशङ्कर साहको नेतृत्वमा खटिएको टोलीले उनीहरूलाई बुधवार साँझ बलरा नपा–७ गडहियास्थित एक घरमा लुकीछिपी बसेको अवस्थामा नियन्त्रणमा लिएको थियो।

प्रहरी टोली घरमा पुग्दा अभियुक्तहरू भाग्न खोजेका र सो क्रममा प्रहरीले गोली चलाउनुपरेको थियो।

प्रहरीको गोली लागी धनकौलका सहनी घाइते भएका छन्। उनको खुट्टामा गोली लागेको छ। घाइते सहनीको प्रादेशिक अस्पताल, मलङ्गवामा उपचार भइरहेको छ। उनीहरूबाट कुनै हातहतियार बरामद नभएको प्रहरीले जनाएको छ।

बुधवार बिहान ११ बजेतिर मिलनचोकस्थित सहकारीमा लुटपाट गर्न आएका लुटेरासँग सहकारी प्रमुख कार्कीले प्रतिकार गर्दा कार्कीमाथि लुटेराहरूले चार राउन्ड गोली प्रहार गरेका थिए। कार्कीको तिघ्रा, कुम, ढाड र कोखामा गोली लागेको छ। उनको ललितपुरस्थित मेडिसिटी अस्पतालमा उपचार भइरहेको छ।


## डेङ्गुबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेङ्गु लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरा कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एकपटक एयर कुलर, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## नवौं राष्ट्रिय खेलकूद : दुई सय मिटर दौडमा शिवराज र निशालाई स्वर्ण

अन्नपूर्ण (कास्की), ३ कात्तिक/रासस

नवौं राष्ट्रिय खेलकूद अन्तर्गत एथलेटिक्स दुई सय मिटर दौडमा सशस्त्र प्रहरी बल (एपिएफ)का शिवराज पार्की र लुम्बिनी प्रदेशकी निशा चौधरीले स्वर्ण पदक जितेका छन्।

पोखरा रङ्गशालामा बिहीवार पुरुषतर्फ शिवराजले निर्धारित दूरी २१ दशमलव ९१ सेकेन्डमा पूरा गर्दै स्वर्ण जितेका हुन्।

महिलातर्फ लुम्बिनीकी निशाले २५ दशमलव २४ सेकेन्डमा पूरा गर्दै स्वर्ण जितिन्।

**साइक्लिङमा विभागीय खेलाडीको वर्चस्व**

साइक्लिङ प्रतियोगिताको सबै विधा आज सम्पन्न भएको छ। साइक्लिङका चार विधामा पुरुष र महिला गरी आठ स्वर्ण पदकका लागि प्रतिस्पर्धा भएको थियो।

प्रतियोगितामा विभागीय खेलाडीले वर्चस्व राखेका छन्। त्यस अन्तर्गत नेपाल आर्मीले चार स्वर्ण, एपिएफले दुई स्वर्ण, वाग्मती र गण्डकी प्रदेशले एक/एक स्वर्ण पदक प्राप्त गर्न सफल भएका छन्।

**एथ्लेटिक्समा आर्मी च्याम्पियन**

एथ्लेटिक्स विधाको खेल समापनसँगै विभागीय टोली त्रिभुवन आर्मी क्लब टीम च्याम्पियन बनेको छ। सर्वाधिक ३७ स्वर्ण पदकका लागि भएको भिडन्तमा आर्मीले १९ स्वर्ण पदक जित्दै टीम च्याम्पियन बन्न सफल भयो। आर्मीले १९ स्वर्णसहित १३ रजत र १३ कांस्य गरी कुल ४५ पदक हात पार्‍यो।

त्यसैगरी, सशस्त्र प्रहरी बल (एपिएफ) दोस्रो स्थानमा रह्यो। एपिएफले १० स्वर्ण, १० रजत र १० कांस्यसहित कुल ३० पदक जित्दै दोस्रो बनेको हो। प्रतियोगितामा नेपाल प्रहरी क्लब तेस्रो बन्यो। प्रहरीले दुई स्वर्ण, सात रजत र छ कांस्यसहित कुल १५ पदक जितेर तेस्रो स्थानमा रहेको हो। वाग्मती प्रदेशले दुई स्वर्ण, एक रजत र चार कांस्य पदक जित्यो भने लुम्बिनीले दुई स्वर्ण, चार रजत र एक कांस्य जित्यो। गण्डकी प्रदेशले एक स्वर्ण, एक रजत र दुई कांस्य जित्यो। त्यसैगरी, कर्णाली प्रदेशले एक स्वर्ण र एक रजत तथा सुदूरपश्चिमले एक कांस्य पदक जितेको छ।



चार स्वर्ण पदक जित्न सफल नेपाली सेनाका खेलाडी अविलासा विष्ट।

**टेनिसमा आर्मी चार स्वर्णसहित टीम च्याम्पियन**

टेनिसमा विभागीय टोली नेपाली सेना चार स्वर्णसहित १० पदक जितेर टीम च्याम्पियन बनेको छ।

यसैगरी, गण्डकी प्रदेशले तीन स्वर्ण र दुई कांस्यसहित पाँच पदक जितेर द्वितीय बन्न सफल भयो। वाग्मती प्रदेश एक कांस्य र चार रजत पदक जित्दा सशस्त्र प्रहरीले एक कांस्य र तीन रजत पदक जित्यो। नेपाल प्रहरीले एक रजत र तीन कांस्य पदक जित्दा एनआरएनले एक रजतमा चित्त बुझायो।

यसैगरी, आज सम्पन्न टेनिसको पुरुष एकलतर्फको प्रतिस्पर्धामा गण्डकीका प्रदीप खड्का र महिलातर्फ नेपाली सेनाका अभिलाषा विष्टले स्वर्ण पदक जिते। पोखरा रङ्गशालाको टेनिस कोर्टमा भएको अन्तिम चरणको प्रतिस्पर्धामा पुरुष एकलमा गण्डकीका खड्काले एनआरएनएका आरभ सम्राट हाडालाई ७–६, ६–३ सेटमा जित निकाल्दै स्वर्ण पदक जिते । नेपालको पहिलो वरीयताका खड्काले स्वर्ण जित्दा हाडाले कांस्यमा चित्त बुझाउनुपर्‍यो।

यसैगरी, महिला एकलतर्फको प्रतिस्पर्धामा सेनाका अभिलाषाले सेनाकै इरा रावतलाई ६–१, ६–६ सेटमा पराजित गर्दै स्वर्ण पदक जितिन्। पुरुष एकलतर्फ गण्डकीले स्वर्ण र एनआरएनले रजत पदक जित्दा सशस्त्र प्रहरीका सन्तोष खत्री र सेनाका प्रणव खनालले कांस्य पदक जिते ।

महिला एकलतर्फ सेनाले स्वर्ण र रजत पदक जित्दा वाग्मतीका रायना शाह र प्रकृति श्रेष्ठले कांस्य पदक जिते। पुरुष युगलतर्फ गण्डकी प्रदेशका प्रदीप खड्का र अनिल साइको जोडीले स्वर्ण पदक जित्दा सेनाका प्रणव र अकि जुवेन रावतको जोडीले रजत पदक जितेको छ। गण्डकीका आशिष खड्का र सौगात विकको जोडी र वाग्मतीका निसान श्रेष्ठ र प्रीतम परियारको जोडीले कांस्य जिते।

महिला युगल विधामा नेपाली सेनाका अभिलाषा र आइरा महर्निषा रावतको जोडीले स्वर्ण जित्दा वाग्मतीका प्रकृति श्रेष्ठ र रायना शाहको जोडीले रजत पदक जितेको छ। सेनाका इशाश्री शाह र सुभाङ्गी लक्ष्मी शाहको जोडी र सशस्त्रका सुनिरा थापा र सर्भानी श्रेष्ठको जोडीले कांस्य पदक जित्यो।

टेनिसको मिश्रित युगलको विधामा सेनाका प्रणव र अभिलाषाको जोडीले स्वर्ण पदक जित्दा नेपाल प्रहरीका आर्यन गिरी र आइसा डोल्कर गुरुङको जोडीले रजत पदक जित्यो। सेनाका अनिल साई र प्रीति बरालको जोडी र सशस्त्रका गोविन्द नेपाली र इशाश्री शाहको जोडीले कांस्य पदक जित्यो।

टेनिसको टीम इभेन्ट विधामा पुरुषतर्फ गण्डकी प्रदेश र महिलातर्फ नेपाली सेनाले स्वर्ण पदक जितेका छन्।

**एथ्लेटिक्समा सबैभन्दा बढी स्वर्ण जित्ने जयरानी**

त्रिभुवन आर्मी क्लबमा आबद्ध धाविका २१ वर्षीय जयरानी थारूले पाँच स्वर्ण पदक हात पारिन्। एथ्लेटिक्समा पाँचवटा स्वर्ण पदक हात पार्ने उनी एक्ली खेलाडी बन्न सफल भइन्।



जयरानी थारू । तस्वीर: रासस

पाँच स्पर्धामा भाग लिएकी जयरानीले सबै स्पर्धामैं स्वर्ण जितेकीमा तीनवटा स्पर्धामा राष्ट्रिय कीर्तिमानसमेत बनाइन्। उनले एथ्लेटिक्सको चार गुणा १०० मिटर रिलेमा स्वर्ण जितिन् भने चार सय मिटर हर्डल्स र १०० मिटर हर्ल्डसमा आफ्नै प्रदर्शन सुधार्दै स्वर्ण जितिन्। जयरानीले लङजम्पमा कीर्तिमानसहित स्वर्ण पदक हात पारिन्। आजै भएको चार गुणा चार सय मिटर रिलेमा पनि उनले स्वर्ण पदक हात पारिन्। यसैगरी, एथ्लेटिक्स अन्तर्गतको पुरुषतर्फको खेलमा सबैभन्दा बढी पदक जित्ने खेलाडी शिवराज पार्की भए। एपिएफका खेलाडी उनले तीन स्वर्ण पदक हात पारे। शिवराजले दुई सय मिटर पुरुष, एक सय मिटर दौड र रिलेमा स्वर्ण पदक हात पारेका हुन्। त्यसैगरी, महिला १०० मिटरमा सरस्वती चौधरीले राष्ट्रिय रेकर्ड बनाउँदा पुरुष १० हजार मिटरमा दीपक अधिकारीले कीर्तिमान बनाएका थिए। चार सय मिटर हर्डल्समा पुरुषतर्फ सोमबहादुर कुमालले र महिलातर्फ रमिताकुमारी थारूले नयाँ कीर्तिमानी बनाए। तीन सय मिटर स्टिपल चेसमा दुर्गाबहादुर बुढाले राष्ट्रिय कीर्तिमान बनाउँदा लङजम्पको पुरुषतर्फ सलिम देवानले राष्ट्रिय कीर्तिमान कायम गरे। एथ्लेटिक्समा आर्मी, एपिएफ, प्रहरी, प्रदेश नं १, मधेस प्रदेश वाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका खेलाडीले भाग लिएका थिए।

**निसिमलाई सम्झँदै सकियो प्याराग्लाइडिङ**

प्याराग्लाइडिङ खेल निसिमलाई सम्झँदै सकिएको छ। प्रतियोगिताको अन्तिम दिन मङ्गलवार खेलकै क्रममा ज्यान गुमाएका प्याराग्लाइडिङका निसिम थापालाई सम्मानस्वरूप स्वर्ण पदक र २५ हजार नगद दिइएको छ।

खेलाडी गुमाउनुको पीडालाई राज्यले थप सम्मान दिने निर्णय गरिएको छ। प्याराग्लाइडिङका खेलाडी थापालाई सरकारले सम्मानस्वरूप स्वर्ण पदक दिएको हो। उनका काका भेनस थापाले पदक लिए। थापाको नाममा पोखरा रङ्गशालामा अर्धकदको सालिक बन्नेछ। बीमाको रकमबाहेक मन्त्रिपरिषद्बाट थप सहायताको लागि युवा तथा खेलकूद मन्त्रालयले प्रस्ताव लैजाने मन्त्री महेश्वरजङ्ग गहतराजले जानकारी दिए। नेपाल आर्मीको समूहले ब्यानरमा उनको रङ्गीन तस्वीरसहित “वी वील मिस यू ... ।” लेखेको छ। मन्त्रीसहित राखेपका पदाधिकारीको समूह उनका परिवारलाई भेट्न गएको छ। खेलकै क्रममा दुर्घटना भएपछि स्थगित प्याराग्लाइडिङ प्रतियोगिताको पदक छिनोफानो अभ्यास खेलको नतीजालाई आधार मानेर गरिएको नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ सङ्घका महासचिव शैलेन्द्र रावतले जानकारी दिए। क्रस कन्ट्री, टीम क्रस कन्ट्री र एक्युरेसी विधामा भएका खेलमा टीम र एकलतर्फ गण्डकी र विभागीय टिम नेपाली आर्मीले समान तीन/तीन स्वर्ण जितेका छन्। जस अनुसार क्रस कन्ट्रीमा गण्डकीको टीमले स्वर्ण पदक जितेको छ। खेलाडी विजय गौतम, सुशील गुरुङ, शेरबहादुर गुरुङ र युकेश गुरुङ सम्मिलित गण्डकीको टीमले कुल दुई हजार ७५० अङ्कसहित स्वर्ण पदक हात पारेको हो।

विभागीय टीम आर्मीले क्रस कन्ट्रीमा रजत पदक जितेको छ। कुल दुई हजार ५५५.९ अङ्कसहित आर्मीले रजत पदक जितेको हो। टीममा सुरज थापा, विजय दाहाल, निसिम थापा र विशाल जलारी सहभागी थिए। उक्त टीमका निसिम थापाको दुर्घटनाकै कारण असोज ३० गते मृत्यु भएको थियो।

वाग्मती प्रदेशले क्रस कन्ट्रीमा कांस्य पदक हात पारेको छ। कांस्य जितेको वाग्मती प्रदेशको टीममा कृष्णबहादुर सुनुवार, मोहनकुमार सुनुवार, विशाल लामा र भवन आचार्य सहभागी थिए। उनीहरूले कुल दुई हजार १४८.३ अङ्क प्राप्त गरेको सङ्घले जनाएको छ।

**व्यक्तिगत पुरुषतर्फ आर्मीलाई स्वर्ण**

क्रस कन्ट्री विधाको व्यक्तिगततर्फ नेपाल आर्मीले स्वर्ण पदक हात पारेको छ। आर्मीका सुरुज थापाले कुल एक सय अङ्कसहित स्वर्ण पदक हात पारेका हुन्। प्याराग्लाइडिङकै एक्युरेसी विधाको समूह पुरुष स्पर्धामा गण्डकी प्रदेशले स्वर्ण पदक हात पारेको छ भने एक्युरेसी व्यक्तिगत पुरुष विधातर्फ गण्डकीले नै स्वर्ण पदक हात पारेको छ। त्यस्तै, महिला टीम एक्युरेसीतर्फ विभागीय टीम नेपाल आर्मीले स्वर्ण पदक हात पारेको छ भने महिला एक्युरेसी व्यक्तिगत महिलातर्फ आर्मीले स्वर्ण पदक प्राप्त गरेको छ।

**बक्सिङमा ११ स्वर्णसहित आर्मी च्याम्पियन**

बक्सिङ प्रतियोगितामा त्रिभुवन आर्मी क्लब ११ स्वर्णसहित च्याम्पियन बनेको छ। एपिएफले चार, वाग्मतीले तीन, एनआरएनले दुई, (बाँकी चौथो पातामा)